# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

## सांगठनिक नियमावली

## २०५५

*(चौथो संशोधन २०७४ सहित)*

# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल
# सांगठनिक नियमावली, २०५५

| संशोधन | प्रकाशन र लागू मिति |
|---|---|
| १. सांगठनिक (पहिलो संशोधन) नियमावली, २०५८ | २०५८/११/१३ |
| २. सांगठनिक (दोश्रो संशोधन) नियमावली, २०६४ | २०६४/०५/०७ |
| ३. सांगठनिक (तेश्रो संशोधन) नियमावली, २०६६ | २०६६/११/१२ |
| ४. सांगठनिक (चौंथो सँशोधन) नियमावली २०७४ | २०७४/१०/८ |

**प्रस्तावना**

सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको विधान, २०५२ ले अंगिकार गरेको लक्ष्य, उद्देश्य र सिद्धान्त तथा व्यवस्थापन पद्धतिलाई अझ स्पष्ट र कीटान गर्न आवश्यक भएको हुँदा राष्ट्रिय कार्यसमितिले विभिन्न समयमा विभिन्न परामर्श गरी प्राप्त सुझावहरूलाई समेट्दै र विभिन्न समयमा विधानमा भएको संशोधित व्यवस्थालाई मध्यनजर गर्दै विधानको दफा २० को (ग) र (ङ) मा गरिएको व्यवस्था र दफा ४२, ४३, ४४ र ४५ ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय कार्यसमितिले देहाय बमोजिमका नियमहरू बनाई जारी गरेको छ ।

## परिच्छेद – १
## (प्रारम्भिक)

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम "सामुदायिक वन उपभोक्ता महासंघ, नेपालको सांगठनिक नियमावली, २०५५" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा ;

(क) "महासंघ" भन्नाले यस विधान अन्तर्गत गठित "सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल" लाई सम्झनु पर्छ ।





(ख) "विधान" भन्नाले महासंघको विधानलाई सम्झनु पर्छ ।

(ग) "स्थानीय अधिकारी" भन्नाले प्रमूख जिल्ला अधिकारी वा नेपाल सरकारले तोकेको सम्बन्धित निकायको अधिकारीलाई सम्झनु पर्छ ।

(घ) "कार्यसमिति" भन्नाले महासंघहरूको सबै तहका आ-आफ्ना कार्यसमितिहरूलाई जनाउँछ ।

(ङ) "सदस्य" भन्नाले सदस्य-समूहले महासंघको निम्ति छनोट गरेका प्रतिनिधिहरू र तीबाट निर्वाचित पदाधिकारी समेतलाई जनाउँछ ।

(च) "सदस्य-समूह" भन्नाले यस विधान बमोजिम महासंघको सदस्यता प्राप्त गरेका सदस्य-समूहलाई सम्झनु पर्छ ।

(छ) "सामुदायिक वन" भन्नाले प्रचलित कानून बमोजिम उपभोक्ता समूहलाई हस्तान्तरण भई उपभोक्ता समूहले संरक्षण, व्यवस्थापन र सदुपयोग गर्दै आएको वन क्षेत्रलाई जनाउँछ ।

(ज) "वन उपभोक्ता" भन्नाले वन क्षेत्रको संरक्षण, संवर्द्धन, व्यवस्थापन र उपयोग गर्दै आएका व्यक्ति संझनु पर्छ ।

(झ) "संघीय महासंघ" भन्नाले विधान र यस नियमावली बमोजिम राष्ट्रिय तहमा स्थापित संघीय महासंघलाई जनाउँछ ।

(ञ) "प्रदेश महासंघ" भन्नाले विधान र यस नियमावली बमोजिम प्रदेश तहमा गठित प्रदेश महासंघलाई जनाउँछ ।

(ट) "जिल्ला महासंघ" भन्नाले विधान र यस नियमावली बमोजिम जिल्लास्तरमा गठन भई आर्थिक, प्रशासनिक र व्यवस्थापकीय रुपमा स्वायत्त किसिमले सञ्चालित जिल्ला महासंघलाई सम्झनु पर्छ ।

(ठ) "स्थानीय महासंघ" भन्नाले विधान र यस नियमावली बमोजिम महासंघको राष्ट्रिय तथा प्रादेशिक नीति र संस्थागत संरचनामा आवद्ध रही स्थानीय तहमा दर्ता भई वा नभई आर्थिक, प्रशासनिक र व्यवस्थापकीय रुपमा स्वायत्त रहने गरी गाउँ र नगरपालिका तहमा स्थापित महासंघलाई जनाउँछ ।

(ड) "आमसहमती" भन्नाले मतदान नगरी आपसी छलफल र सहमतीका आधारमा निर्णय गर्न र प्रतिनिधि, सदस्य एवम्

पदाधिकारी छनोट गर्नका लागि अपनाइने निर्णय प्रक्रियालाई जनाउँछ ।

(ढ) "सकृय" वा "कृयाशिल" भन्नाले आफ्नो जिम्मेवारी ८० प्रतिशत पूरा गरेको कुरा सूचकहरूले पुष्टि गरेको अवस्थालाई जनाउँछ ।

(ण) "भ्रष्टाचार र अख्तियार दुरुपयोग" भन्नाले प्रचलित कानूनमा परिभाषित गरे अनुसार भ्रष्टाचार र अख्तियार दुरुपयोग गरेको अवस्थालाई सम्झनु पर्दछ ।

(त) "आचरण" भन्नाले महासंघको अनुशासन नियमावलीले परिभाषित गरे बमोजिम सम्झनु पर्दछ ।

(थ) "पदाधिकारी" भन्नाले सम्बन्धित तहगत संरचनाका महासंघका सम्पूर्ण सदस्य प्रतिनिधिहरूलाई जनाउँछ ।

(द) "नियमावली" भन्नाले आर्थिक, प्रशासनिक, निर्वाचन लगायत राष्ट्रिय महासंघ तथा तहगत संरचनामा आवश्यकतानुसार तर्जुमा गर्रिएका नियमावलीलाई जनाउँछ ।

३. **महासंघको चिन्ह, छाप र झण्डा** : (१) विधानको अनुसूची-१ मा मा रहेको चिन्ह सबै तहका महासंघको साझा चिन्ह हुनेछ । सो चिन्हलाई वीचमा पारी महासंघको नाम उल्लेख गरी संघीय, प्रदेश, जिल्ला र स्थानीय महासंघले आ-आफ्नो नाम उल्लेख गरी सोही एकल छाप प्रयोग गर्नु पर्नेछ ।

(२) महासंघको झण्डा विधानको दफा ३ को अनुसूची २ बमोजिमको हुनेछ र महासंघका सबै सांगठनिक संरचनाहरूले आफ्नो कार्यालयमा सोही झण्डा राख्नु पर्नेछ ।

४. **महासंघको कार्यालय** : संघ, प्रदेश, जिल्ला र स्थानीय महासंघका कार्यालयहरू सम्बन्धित महासंघको कार्यसमितिले निर्णय गरे अनुसारको स्थानमा रहने छन् र प्रदेश, जिल्ला एवं स्थानीय तहका महासंघले आफ्नो ठेगाना सार्वजनिक गरी महासंघको माथिल्लो तह र सम्बन्धित स्थानीय तह एवं स्थानीय अधिकारीलाई जानकारी गराउनु पर्नेछ ।





## परिच्छेद - २

## (लक्ष्य, उद्देश्य र कार्य प्रणाली र मूल्य मान्यता)

५. **लक्ष्य, उद्देश्य, कार्य प्रणाली** : सबै तहका महासंघको साझा लक्ष्य र उद्देश्य विधानमा उल्लेख गरिए अनुसार हुनेछन् र उक्त लक्ष्य तथा उद्देश्य प्राप्तीको निम्ति विधानको दफा ५ (३) बमोजिम अपनाइने कार्यप्रणाली मध्ये सम्बन्धित तहका महासंघले आ-आफ्नो आवश्यकता अनुसारका कार्यप्रणाली पहिचान गरी कार्यान्वयन गर्नु पर्नेछ ।

६. **मूल्य, मान्यता** : (१) महासंघको संस्थागत संरचनामा प्रतिनिधित्वसम्बन्धी मूल्य मान्यता देहाय बमोजिम हुनेछ :

(क) एक व्यक्ति एक पदको मान्यता अनुसार कुनै पनि व्यक्ति संघीय महासंघ, प्रदेश महासंघ वा स्थानीय महासंघ मध्ये कुनै एक तहमा मात्र पदाधिकारी वा सदस्य हुन पाउनेछ र एउटै अवधीमा एकभन्दा बढी तहको संरचनामा सदस्य वा पदाधिकारी हुन पाइने छैन । तर पदेन कायम हुने पदको हकमा यो व्यवस्था लागु हुनेछैन ।

(ख) कुनै एक तहको संरचनामा रहेको व्याक्ति उक्त तहभन्दा माथिल्लो वा तल्लो तहको कुनै पदका लागि उम्मेदवारी दिएमा उक्त व्यक्ति तत्काल बहाल रहेको पदबाट स्वतः हटेको मानिई उक्त पद रिक्त हुनेछ ।

(२) महासंघको संस्थागत संरचनाहरूमा सुशासनसम्बन्धी न्यूनतम् मूल्य मान्तयताहरू देहाय बमोजिम हुनेछन् :

(ख) लैगिंक समानता र सामाजिक न्याय

(ग) समानुपातिक समावेशी प्रतिनिधित्व र सहभागिता

(घ) पारदर्शिता, सार्वजनिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई

(ङ) आमसहमती र समन्वय र सहकार्य

(च) अधिकारमूखी अवधारणामा आधारित अभियान

(छ) स्वयम्सेवी, जवाफदेहिता र उत्तरदायित्व वहन

(ज) विधिको शासन सहित शुशासनको परिपालना

(३) कुनैपनि महासंघको सांगठनिक संरचनाले जुनसुनै कारणले पनि आफ्नो कार्यकालको अवधी बढाउँदा ६ महिनाभन्दा बढी कार्यकाल बढाउन पाउने छैन ।

# परिच्छेद - ३

## (सदस्य र सदस्यता शुल्क)

७. **सदस्यता शुल्क र सोको बाँडफाँडसम्बन्धी व्यवस्था** : (१) प्रत्येक सदस्य-समूहले स्थानीय महासंघ मार्फत निम्नानुसारको शुल्क बुझाउनु पर्नेछ :

(क) महासंघ प्रवेश शुल्क रु. २००।-

(ख) सदस्यता शुल्क रु. ३००।-

(ग) बार्षिक नवीकरण शुल्क रु. २००।-

(२) आर्थिक वर्ष शुरु भएको ६ महिना भित्र सो आर्थिक बर्षका लागि सदस्य समूहले स्थानीय महासंघ मार्फत आफनो सदस्यता नवीकरण गरिसक्नु पर्नेछ ।

(३) सदस्य समूहहरूबाट प्राप्त शुल्कको बाँडफाँड देहाय बमोजिम हुनेछ :

(क) प्रवेश (आवेदन) शुल्क,वापत प्राप्त रकम संघीय महासंघमा बुझाउनु पर्नेछ ।

(ख) सदस्यता शुल्क र वार्षिक नवीकरण शुल्क वापत उठेको रकममध्ये स्थानीय महासंघले ४० प्रतिशत आफूसँग राखी बाँकी रकम मध्ये २० प्रतिशत जिल्ला महासंघमा, २० प्रतिशत प्रदेश महासंघमा र २० प्रतिशत संघीय महासंघमा पठाउनु पर्नेछ ।

८. **सदस्यता प्राप्तिको प्रक्रिया** : उपभोक्ता समूहले सदस्यता प्राप्त गर्न निम्न प्रक्रियाहरू अपनाउनु पर्नेछ :

(क) महासंघमा आबद्ध भै साधारण सदस्य हुन चाहने समूहले सर्वप्रथम आफ्नो कार्यसमितिबाट "महासंघको सदस्यता ग्रहण गर्ने" निर्णय गर्नु पर्नेछ ।

(ख) उक्त निर्णय सहित आवश्यक विवरण र तथ्यांकहरू सदस्यता निवेदनको फारममा भरी समूह दर्ता प्रमाणपत्र र वन हस्तान्तरण प्रमाण-पत्रको नक्कल सहित स्थानीय महासंघमा निवेदन दिनु पर्नेछ ।





(ग) स्थानीय महासंघमा आवश्यक शुल्कहरू बुझाई एक प्रति रसिद आफूसंग राखी र एक प्रति रसिद आफ्नो निवेदन फारमसाथ राखी दर्ता गराई आफ्नो रसिदको पछाडि दर्ता नम्वर लेखाई प्रमाणित गराएर लिनुपर्नेछ ।

(घ) स्थानीय महासंघले प्रत्येक ६/६ महिना भित्रमा संघीय महासंघलाई बुझाउनु पर्ने शुल्क, सदस्यताका लागि उपभोक्ता समूहले भरेको फारमहरू र सदस्यता प्रदानका लागि आवश्यक सिफारिसपत्र सहित संघीय महासंघमा पठाउनु पर्नेछ ।

(ङ) संघीय महासंघमा सदस्यता फारम र शुल्क प्राप्त भएपश्चात् सदस्यता प्रदान गर्न उपयुक्त भए नभएको बारेमा स्थायी समितिले निर्णय गरी सदस्यता प्रदान गरिएको जानकारी सहित सम्बन्धित समूहको सदस्यता प्रमाणपत्र प्रत्येक ३/३ महिनामा सम्बन्धित स्थानीय महासंघमा पठाउनु पर्नेछ ।

(च) सदस्यताको लागि निवेदन दिने उपभोक्ता समूहले ६ महिनाभित्रमा सदस्यता प्रमाणपत्र प्राप्त नभएमा संघीय महासंघको न्यायिक समिति समक्ष उजुरी गर्न सक्नेछ ।

(छ) स्थानीय महासंघले आफ्ना सदस्य समूहको सदस्यता प्राप्तिका लागि संघीय महासघसंग आवश्यक समन्वय गर्नु पर्नेछ ।

९. **सदस्यताका लागि आवश्यक न्यूनतम योग्यता** : (१) सदस्यता प्राप्त गर्न चाहने उपभोक्ता समूहको योग्यता र पालना गर्नुपर्ने शर्त तथा प्रतिवद्धताहरू देहाय बमोजिम हुनेछन् :

(क) अविछिन्न उत्तराधिकारीवाला स्वशासित र संगठित संस्थाको रुपमा सम्बन्धित निकायमा दर्ता भएका वा समूहले व्यवस्थापन गर्दै आएका हुनुपर्ने

(ख) उपभोक्ता समूहको कार्यसमिति चयन गर्दा उपभोक्ताहरूको आमसहमती र लोकतान्त्रिक मूल्य मान्यताका आधारमा गठन हुने व्यवस्था हुनु पर्ने ।

(ग) सामुदायिक वन उपभोक्ता समूहको पक्षमा वनेका सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन तथा सामुदायिक वनका माध्यमबाट गरिवी न्यूनीकरण र समृद्धि, उद्यम विकास, लैङ्गिक समता र सामाजिक न्याय, लाभको न्यायोचित् बाँडफाँड, समावेशीकरण, सुशासन, सहभागितामूलक निर्णय प्रक्रिया, दिगो विकास, वातावरणीय न्याय, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण, पर्यावरणीय सेवा आदिको प्रवर्द्धनका लागि तर्जुमा भएका नीति, कानून तथा रणनीति र योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्ने प्रतिवद्धता गरेको हुनुपर्ने ।

(घ) उपभोक्ता समूहले सहभागितामूलक अनुगमन र मूल्यांकन पद्धतिको विकास गरेको हुनुपर्ने ।

(२) पालना गर्नुपर्ने शर्त तथा प्रतिवद्धताहरू पालना नगरेको पाइएमा त्यस्ता समूहको सदस्यता स्थानीय महासंघसँगको परामर्शमा संघीय महासंघले खारेज गर्न सक्नेछ ।

१०. **सदस्यको लागि अयोग्यता** : (१) देहायको अवस्थामा कुनैपनि समूहको सदस्यता कायम रहने छैन :

(क) सदस्य-समूहको अस्तित्व कायम नरहेमा ।

(ख) महासंघलाई बुझाउनु पर्ने रकम तोकिएको अवधिभित्र नबुझाएमा ।

(ग) तोकिएको समयमा समूह-सदस्यता नवीकरण नगराएमा ।

(घ) संघीय महाधिवेशन हुने वर्ष सो हुनुपूर्व नै सदस्यता नवीकरण नगराएमा ।

(ङ) महासंघको लक्ष्य, उद्देश्य, हित र मूल्य मान्यता विपरित काम गरेमा

(च) महासंघले अवलम्वन गरेको मूल्यमान्यता समूहमा स्थापित गर्न नचाहेमा ।





(छ) महासंघको कुनै पनि तहबाट आफ्नो कुनै प्रतिनिधि, सदस्य वा पदाधिकारीलाई कारबाहीको लागि सिफारिस भै आएकोमा सो कारबाही नगरी दण्डहिनतालाई प्रश्रय दिएमा ।

(२) उपरोक्त अवस्था अनुसार सदस्यता गुमाएका समूहले आफूले गरेको त्रुटी स्वीकार गरी लिखित सफाई दिएमा स्थानीय महासंघको सिफारिस बमोजिम संघीय महासंघले पुनः सदस्यता कायम गर्न सक्नेछ ।

११. **सदस्य-समूहको काम, कर्तव्य र अधिकार** : सदस्य समूहको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) संघीय, प्रदेश, जिल्ला एवम स्थानिय महासंघबाट उत्पादित तथा वितरित सूचनाहरू स्थानीय महासंघ मार्फत् प्राप्त गरी प्रवाह गर्ने ।

(ख) सदस्य समूहको आमभेला र बैठकहरूमा महासंघका विभिन्न प्रतिनिधि मार्फत नवीनतम् सूचना, नीतिगत निर्णय एवम् सवालहरू बारे जानकारी प्राप्त गर्ने र यस्ता सूचना प्रवाह गर्ने प्रतिनिधिलाई आमन्त्रण गर्ने ।

(ग) दिइएको जिम्मेवारी वहन नगर्ने आफ्ना महासंघ प्रतिनिधिहरूलाई प्रक्रिया पुऱ्याई फिर्ता बोलाउने

(घ) आफ्नो कार्य दक्षता र कृयाशीलताको आधारमा महासंघ सञ्चालनमा नेतृत्व गर्न अवसर लिने ।

(ङ) सामुदायिक मध्यस्थताको माध्यमबाट विवाद व्यवस्थापनमा सहयोग लिई समाधान गर्ने ।

(च) समूह उपर परेका मुद्दामा अदालती प्रक्रियामा कानुनी सेवा लिने

(छ) महासंघको विभिन्न तहमा नीति निर्माणमा सहयोग पुऱ्याउने ।

(ज) आफ्नो आवश्यकता बमोजिमको सेवा प्राप्त गरे वापत् महासंघसंगको सहमती अनुसारको दायित्व वहन गर्ने ।

(झ) आफूले चयन गरी पठाएको महासंघ-प्रतिनिधिलाई सम्वन्धित जिम्मेवारी वहन गराउन आवश्यक पहल तथा वातावरण सिर्जना गर्ने ।

(ञ) संघीय, प्रदेश, जिल्ला एवम स्थानिय महासंघले मागेको आवश्यक सुझाव तथा सहयोगहरू उपलव्ध गराउन समय भित्रै प्रयास गर्ने ।

(ट) महासंघबाट अवसर उपलव्ध गराईएमा तालिम, गोष्ठी आदिको निम्ति सहभागी छनोट गर्दा समावेशीकरणको प्रक्रिया पूरा गर्ने ।

(ठ) आफ्नो आवश्यक्ता र महासंघको क्षमता अनुसार आपसी समझदारीबाट गरिने सहकार्यका सम्पूर्ण समझदारीहरू समय भित्रै पूरा गर्ने ।

(ड) आफनो अधिकार रक्षा तथा प्राप्तीका लागि महासंघद्वारा आव्हान गरिएका विभिन्न अभियान र कार्यक्रमहरूमा सक्रिय सहभागी हुने ।

(ढ) सामुदायिक वन सम्बन्धी नीति तथा कानुन निर्माण तथा परिमार्जनको वखत आवश्यक नीतिगत पृष्ठपोषण गर्ने ।

(ण) नियमित रुपमा सार्वजनिक सुनुवाई र सार्वजनिक लेखा परीक्षण गर्ने ।

(त) सामुदायिक वन उपभोक्ता समूहको कार्यसमिति वा हरेक प्रक्रियामा ५० प्रतिशत महिला सहभागीता तथा सामुदायिक वनको वार्षिक आम्दानीको कम्तीमा ३५ प्रतिशत गरीव विपन्नमा लगानि गरेको हुनु पर्ने

१२. **महासंघमा प्रतिनिधित्व** : प्रत्येक सदस्य-समूहले आफ्नो साधारण सभाबाट चयन गरेका प्रतिनिधिहरूमध्ये कम्तीमा एक जना प्रतिनिधिलाई महासंघको कुनै एक सांगठनिक संरचना वा सो अन्तर्गतको कुनै समितिहरूमा प्रतिनिधित्व गराउनु पर्नेछ ।





१३. **सदस्य समूहले प्रतिनिधि-सदस्य छनोट गर्दा विचार पुर्‍याउनु पर्ने कुराहरू** :

(१) सदस्य समूहको साधारण सभाले प्रतिनिधि चयन गर्दा आफ्नो स्थानीय महासंघदेखि संघीय महासंघसम्म पुग्न सक्ने योग्यता पुगेको व्यक्तिहरूलाई चयन गर्नुपर्ने भएको हुँदा निम्न कुराहरूमा विचार पुर्‍याउनु पर्नेछ :

(क) विधानको दफा ३६ मा उल्लेखित योग्यता पुगेको

(ख) बसोवास गरेको क्षेत्रमा रहेको उपभोक्ता समूह क्षेत्र भित्र स्थायी रुपमा बसीरहेको वा समूह भित्रको सशक्त र सकृय उपभोक्ताको रुपमा परिचित भएको ।

(ग) आफू क्रियासिल बनी समूहप्रतिको आफ्नो जिम्मेवारी दीर्घकाल सम्म वहन गर्ने प्रतिबद्धता भएको,

(घ) रचनात्मक र सिर्जनात्मक उत्सुकता भएका व्यक्ति ।

(२) सदस्य-समूहले महासंघको निम्ति प्रतिनिधि-सदस्य चयन गर्दा निम्न अनुसार गर्नुपर्नेछ :

(क) प्रत्येक सदस्य-समूहले विधान, यस नियमावली, निर्वाचन नियमावली र स्थानीय महासंघको निर्णय अनुसार आफ्नो क्षेत्रको स्थानीय महासंघको अधिवेशनका लागि आफनो आमभेला तथा साधारण सभाबाट छनोट गरी प्रतिनिधि पठाउनु पर्नेछ र तत्काल आमभेला तथा साधारण सभा बस्न नसक्ने अवस्था भएमा उपभोक्ता समूहको कार्यसमितिको कम्तिमा दुईतिहाई सदस्यको उपस्थितिमा बसेको बैठकबाट प्रतिनिधि चयन गरी त्यस्तो निर्णयलाई पछि बस्ने साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(ख) यसरी आफनो सम्बन्धित उपभोक्त समूहबाट छनोट भएका प्रतिनिधिले मात्र स्थानीय, प्रदेश र संघीय महासंघको कुनै एक अवधीमा चरणवद्ध रुपमा आयोजना हुने अधिवशनमा सदस्य तथा पदाधिकारीको लागि उम्मेदवार हुन सक्नेछन् ।

(ग) उपभोक्ता समूहले आफना प्रतिनिधिहरूलाई महासंघको विभिन्न संरचनाको अधिवेशन, परिषद् तथा बैठकहरूमा भाग लिदा लाग्ने खर्च उपभोक्ता समूहले नै व्यहोर्नुपर्नेछ र यस्तो खर्च व्यर्होन नसक्ने सदस्य समूहले सम्बन्धित महासंघलाई अग्रिम जानकारी गराउनु पर्नेछ ।

१४. **सदस्य समूहले फिर्ता बोलाउन सक्ने (प्रत्याव्हान)** : (१) सदस्य समूहबाट स्थानीय, प्रदेश र संघीय महासंघमा प्रतिनिधित्व गरेको सदस्य तथा पदाधिकारीले विधान, यस नियमावली र समूहप्रतिको प्रतिवद्धता र जिम्मेवारी बहन नगरेको कुरा प्रमाणित भएमा सदस्य समूहले आफनो आमभेलाको निर्णयबाट त्यस्ता प्रतिनिधिलाई फिर्ता बोलाउने निर्णय (प्रत्याव्हान) गर्न सक्नेछ र त्यस्तो निर्णय गर्नुपूर्व निजलाई सफाईको मौका दिनु पर्नेछ ।

(२) यसरी महासंघको विभिन्न संरचनामा रहेका सदस्य पदाधिकारीलाई सम्बन्धित सदस्य समूहले फिर्ता बोलाउने निर्णय गर्नुअघि निजलाई फिर्ता बोलाउने निर्णय गर्नुपर्नाको कारणबारे सम्बन्धित महासंघलाई जानकारी दिनुपर्नेछ ।

(३) सदस्य समूहबाट यस्तो जानकारी प्राप्त भएमा सम्बन्धित महासंघले निजलाई जिम्मेवार, जवाफदेही र कृयाशिल बनाउने वा सदस्य समूहले फिर्ता बोलाउने बारेमा गरेको निर्णयलाई समर्थन गर्ने मध्ये कुनै एक निर्णय गर्नुपर्नेछ र त्यस्तो निर्णयबारे सम्बन्धित सदस्य समूह र सम्बन्धित सदस्य पदाधिकारीलाई जानकारी दिनु पर्नेछ र यस्तो निर्णय उपर चित्त नबुझ्ने व्यक्तिले निर्णयको व्यहोरा थाहा पाएको मितिले ३५ दिनभित्र संघीय महासंघ अन्तर्गत रहेको न्यायिक समिति समक्ष निवेदन गर्न सक्नेछ ।





# परिच्छेद-४

## (स्थानीय महासंघ)

१५. **स्थानीय महासंघको गठन** : (१) महासंघको संघीय तथा प्रादेशिक नीति र संस्थागत संरचनामा आवद्ध रही स्थानीय तहमा दर्ता भई वा नभई आर्थिक, प्रशासनिक र व्यवस्थापकीय रुपमा स्वायत्त रहने गरी प्रत्येक स्थानीय तहमा उपभोक्ता समूहका स्थानीय महासंघ गठन हुनेछन्, जसलाई सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, स्थानीय महासंघ, गाउँ/नगर/उपमहानगर/महानगरपालिका ............(स्थानीय तहको नाम) भनिने छ ।

(२) १ वा सो भन्दा बढी सदस्य समूह भएको स्थानीय तहमा स्थानीय महासंघ गठन गर्न सकिने छ ।

(३) प्रत्येक ४ वर्षमा स्थानीय महासंघको कार्यसमितिले तोकेको मिति र स्थानमा स्थानीय महासंघको अधिवेशन आयोजना हुनेछ र प्रत्येक अधिवेशन गर्नुभन्दा पहिला सम्बन्धित स्थानीय तहमा रहेका उपभोक्ता समूहमध्ये कम्तिमा ५१ प्रतिशत उपभोक्ता समूहलाई महासंघमा आवद्ध र नवीकरण गराएको हुनुपर्नेछ ।

(४) अधिवेशन स्थानीय महासंघको सर्वोच्च अंग हुनेछ र यसैबाट स्थानीय महासंघको नेतृत्व छनोट र नीतिहरू परित हुनेछ ।

(५) स्थानीय महासंघ अन्तर्गत कुनै वडा तहमा ५० वा सो भन्दा धेरै उपभोक्ता समूह भई वडा तहमा स्थानीय महासंघका वडास्तरीय शाखाहरू स्थापना गर्न आवश्यक भएमा उक्त शाखा सञ्चालनका लागि स्थानीय महासंघले वडास्तरीय शाखाको लागि लैङ्गिक समता र सामाजिक समावेशीकरण हुनेगरी कार्यसमिति गठन गर्न सक्नेछ ।

(६) स्थानीय महासंघ स्थानीय तहमा दर्ता भएमा महासंघको विधान र सांगठनिक नियमावलीको आधारभूत लक्ष्य, उद्देश्य, कार्यप्रणाली, मूल्य मान्यता र सिद्दान्त विपरित नहुने गरी आफनै स्वायत्त विधानद्वारा सञ्चालित हुनेछ र स्थानीय तहमा दर्ता नभएको अवस्थामा महासंघको विधान र यस निमायवली अन्तरर्गत रही

आफनो कार्य सञ्चालनका लागि आवश्यकता अनुसार विनियमावली बनाउन सक्नेछ ।

(७) स्थानीय महासंघ स्थानीय तहमा दर्ता भएमा त्यस्तो महासंघले आफनो वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन र वार्षिक रुपमा उपभोक्ता समूहको अद्यावधिक विवरण प्रदेश र संघीय महासंघमा पठाउनु पर्नेछ ।

१६. **स्थानीय महासंघ अधिवेशनका प्रतिनिधिहरू :** (१) स्थानीय महासंघको अधिवेशनमा देहाय बमोजिमका व्यक्ति प्रतिनिधिको रुपमा रहने छन् :

(क) स्थानीय महासंघको क्षेत्रभित्र रहेका प्रत्येक सदस्य समूहबाट अध्यक्ष सहित २ महिला र २ पुरुष गरी ४ जना

(ख) स्थानीय महासंघको तदर्थ/कार्यसमितिका पदाधिकारीहरू

(ग) स्थानीय महासंघको न्यायिक समिति र लेखा तथा अनुगमन समितिका पदाधिकारीहरू

(घ) पर्यवेक्षकको रुपमा सम्बन्धित स्थानीय तहका वन क्षेत्र हेर्ने पदाधिकारी, स्थानीय महासंघका सल्लाहकारहरू र कार्यसमितिले आमन्त्रण गरेका व्यक्तिहरू

(२) सदस्य समूहले स्थानीय महासंघको अधिवेशनका लागि खण्ड (क) बमोजिम ४ जना प्रतिनिधि छनोट गर्दा लैङ्गिक समानताका साथै सामाजिक समावेशीकण हुनेगरी आफनो आमभेलाबाट अलग अलग जातजाति तथा वर्ग र भौगोलिक क्षेत्रको प्रतिनिधि हुनेगरी छनोट गर्नुपर्नेछ ।

(३) सदस्य समूहको तत्काल आमभेला तथा साधारण सभा बस्न नसक्ने अवस्था भएमा उपभोक्ता समूहको कार्यसमितिको कम्तिमा दुईतिहाई सदस्यको उपस्थितिमा बसेको बैठकबाट अधिवेशन प्रतिनिधि चयन गरी त्यस्तो निर्णयलाई पछि बस्ने साधारण सभाबाट अनुमोदन गराउनु पर्नेछ ।

(४) कुनै स्थानीय महासंघको क्षेत्रभित्र आवद्ध भएका समग्र सदस्य समूह संख्या ५० भन्दा धेरै भई अधिवेशनका लागि समूहबाट प्रत्यक्ष





प्रतिनिधित्व गराउन नसक्ने अवस्था रहेमा त्यस्ता स्थानीय महासंघले आफनो कार्यक्षेत्रभित्र वडा तहमा शाखा स्थापना गरी सोही शाखाको कार्यसमितिबाट अधिवेशन प्रतिनिधि छनोट गर्ने विधि अवलम्बन गर्न सकिने छ ।

(५) वडास्तरीय कार्यसमितिबाट अधिवेशन प्रतिनिधि छनोट गर्ने विकल्प छनोट गरिएमा वडागत रुपमा रहेको समूह संख्याको अनुपातका आधारमा प्रत्येक वडाबाट लैङ्गिक समानताका साथै सामाजिक समावेशीकण हुनेगरी अलग अलग जातजाति, वर्ग र भौगोलिक क्षेत्रको प्रतिनिधि हुनेगरी छनोट प्रतिनिधि छनोट गर्नुपर्नेछ ।

(६) वडास्तरीय कार्यसमितिबाट अधिवेशन प्रतिनिधि छनोट गर्दा कति संख्यामा प्रतिनिधि छनोट गर्ने भन्ने विषयमा स्थानीय महासंघको कार्यसमिति आफैले निर्णय गर्नुपर्नेछ ।

(७) स्थानीय महासंघको कार्यसमितिका वर्तमान पदाधिकारी तथा सदस्यहरूले स्थानीय महांघको अधिवेशनमा कुनै पनि पदका लागि उम्मेदवार बन्न चाहेमा उपनियम (१) को खण्ड (क) अनुसार आफनो सदस्य समूहबाट वा उपनियम (४) बमोजिम वडास्तरको कार्यसमितिबाट उल्लेखित संख्या अन्तर्गत प्रतिनिधिको रुपमा छनोट भएको हुनुपर्नेछ । तर पहिलो पटक स्थानीय महासंघको कार्यसमिति गठन गर्दा यो व्यवस्था लागु हुने छैन ।

(८) विधानको दफा ११ र ३६ बमोजिम स्थानीय महासंघको कार्यसमिति सदस्यका लागि उम्मेदवार हुन आफू उपभोक्ता रहेको सम्बन्धित सदस्य समूहको आमभेलाबाट उम्मेदवार हुन छनोट भएको निर्णय र सिफारिसपत्र आवश्यक हुनेछ, तर कुनै कारणले यस प्रयोजनाका लागि सदस्य समूहको आमभेला बस्न सक्ने अवस्था नभएमा पछि बस्ने आमभेलाबाट अनुमोदन गराउने गरी उक्त समूहको कार्यसमितिको पूर्ण बैठकबाट उम्मेदवार छनोटसम्बन्धी निर्णय गरी सिफारिस लिन सकिने छ ।

१७. **स्थानीय महासंघ अधिवेशनको काम, कर्तव्य र अधिकार :** स्थानीय महासंघको अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विधान, नियमावली र निर्वाचन नियमावली अन्तर्गत रही रही लैङ्गिक समनाता र समावेशीकरण हुनेगरी कार्यसमिति, न्यायीक समिति र लेखा तथा अनुगमन समितिका सदस्य र पदाधिकारीहरूको चयन गर्ने ।

(ख) आफनो स्थानीय तहभित्र रहेका उपभोक्ता समूहका नीतिगत सवालहरू पहिचान गरी सम्बोधनका उपयाहरू पहिचान गर्ने ।

(ग) आफ्नो स्थानीय तहको आवधिक दूरदृष्टि निर्माण गरी कार्यक्रम तर्जुमा र पारित गर्ने ।

(घ) कार्यसमितिद्वारा प्रस्तुत प्रगति विवरण र प्रस्ताव माथि छलफल गरी निर्णय गर्ने ।

(ङ) विभिन्न समितिहरूबाट प्रस्तुत प्रतिवेदनहरू अध्ययन गरी आवश्यक सुझाव एवम् निर्देशन दिने ।

(च) कार्यसमितिबाट प्रस्तुत कार्यक्रम स्वीकृत गर्ने र बजेट पारित गर्ने ।

(छ) लेखा परीक्षण प्रतिवेदनहरू अध्ययन गरी आवश्यक सुझाव सहित अनुमोदन गर्ने ।

(ज) आफ्नो स्थानीय महासंघको संस्थागत दीगो विकास गर्दै समूहहरूको हक अधिकार र हितका कार्यहरू गर्ने गराउने व्यवस्था मिलाउने ।

(झ) विधान तथा नियमावलीहरूमा समयानुकुल परिवर्तन गर्न महसुस गरिएका बिषयहरूमा छलफल गरी प्रदेश अधिवेशनमा विचार विमर्शको निम्ति प्रस्ताव पठाउने ।

(ञ) प्रदेश तथा जिल्ला अधिवेशनको लागि अधिवेशन प्रतिनिधि छनोट गर्ने ।

१८. **स्थानीय महासंघको कार्यसमिति गठन** : (१) स्थानीय महासंघको अधिवेशनले आफनो क्षेत्रको आवश्यकता अनुसार गठन हुने कार्यसमितिको संख्या आफै निर्धारण गर्नुपर्नेछ ।





(२) कार्यसमितिको संख्या निर्धारण गर्दा विधानको दफा १३ मा गरिएको व्यवस्थालाई मध्यनजर गर्दै वडाहरूमा रहेको समूह संख्याको अनुपातलाई पनि ध्यान दिनु पर्नेछ ।

(३) स्थानीय महासंघको अधिवेशनले निर्धारण गरेको संख्यामा कार्यसमितिका सदस्यहरूको छनोट भएपश्चात् सोही कार्यसमितिका सदस्यहरूमध्येबाट देहाय बमोजिम पदाधिकारी छनोट गर्नु पर्नेछ :

(क) अध्यक्ष १

(ख) उपाध्यक्ष १

(ग) सचिव १

(घ) कोषाध्यक्ष १

(४) पदाधिकारीको छनोट गर्दा अनिवार्य रूपमा अध्यक्ष तथा सचिव मध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्ष मध्ये एक जना महिला हुनु पर्नेछ ।

(५) कार्यसमितिले पदाधिकारीहरू पदेन रहने गरी बढीमा ९ जना सम्मको स्थायी समिति गठन गर्नेछ ।

(६) कार्यसमितिका सदस्य तथा पदाधिकारी छनोट गर्दा जुन पदका लागि आमसहमति नभएको हो, सोही पदका लागि मात्र अधिवेशन प्रतिनिधिहरूले मतदान प्रक्रियाद्वारा छनोट गर्नुपर्नेछ ।

१९. **स्थानीय महासंघ कार्यसमितिको काम, कर्तव्य र अधिकार** : स्थानीय महासंघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय महासंघको दैनिक कार्यालय सञ्चालन गर्ने ।

(ख) सदस्य समूहको आवद्धता र नवीकरण गर्ने र उठेका शुल्कहरू यस नियमावली बमोजिम विभिन्न महासंघमा पठाउने ।

(ग) स्थानीयस्तरका महत्वपूर्ण सूचनाहरू जिल्ला, प्रदेश तथा संघीय महासंघमा र संघीय महासंघका महत्वपूर्ण सूचनाहरू सदस्य समूहमा प्रवाह गर्ने ।

(घ) जिल्ला, प्रदेश र संघीय महासंघको परामर्श बमोजिमका कार्य गर्ने ।

(ङ) अधिवेशनले तोके बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(च) आफ्नो क्षेत्र भित्रका समूहको कामको मूल्यांकन गरी उत्कृष्ट समूहलाई पुरस्कृत गर्ने ।

(छ) आफनो क्षेत्रभित्र सामुदायिक वनको वकालत गर्दै उपभोक्ता समूहको हक अधिकार रक्षाका लागि निरन्तर रुपमा वकालतका अभियानहरू सञ्चालन गर्ने ।

(ज) स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागी भई सामुदायिक वनका लागि स्रोत साधन विनियोजना गर्न गराउन भूमिका निर्वाह गर्ने ।

(झ) सदस्य समूहलाई कानूनी ज्ञान तथा व्यवसायिक सीप आदि उपलब्ध गराउने ।

(ञ) स्थानीय तह र सरोकारवालासँग समन्वयात्मक रुपमा कार्य गर्ने ।

(ट) समूहस्तरीय वन उद्यम तथा पर्यावरणीय सेवा प्रवर्द्धनमा सहयोग पुर्‍याउने ।

(ठ) स्थानीयस्तरमा हुने कार्यक्रममा महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(ड) स्थानीय महासंघको कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थायी समिति गठन गर्ने ।

(ढ) स्थानीय महासंघको अधिवेशन र परिषद्को मिति र स्थान तोक्ने र अधिवेशन र परिषद्को व्यवस्थापन गर्ने ।

२०. **स्थानीय महासंघमा न्यायीक समिति र लेखा तथा अनुगमन समितिको गठन** : (१) स्थानीय महासंघको अधिवेशनका प्रतिनिधिहरू मध्येबाट लैङ्गिक समानता हुनेगरी १/१ जना संयोजक सहित ५/५ जनासम्म सदस्य रहने





गरी अधिवेशनबाट न्यायिक समिति र लेखा तथा अनुगमन समितिको गठन गर्नुपर्नेछ ।

(२) न्यायिक समिति र लेखा तथा अनुगमन समिति मध्ये कुनै एक समितिको संयोजक महिला हुनुपर्नेछ र कुन समितिको संयोजकमा महिला रहने भन्ने विषयमा आमसहमति नभएमा संयोजक छनोट गर्नुपूर्व गोला प्रथाद्वारा टुङ्गो लगाउनु पर्नेछ ।

(३) स्थानीय महासंघ अन्तर्गत गठित न्यायिक समिति र लेखा तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार स्थानीय महासंघको अधिवेशनले निर्णय गरे बमोजिम हुनेछ ।

२१. **न्यायीक समिति र लेखा तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार** : (१) न्यायीक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय महासंघ भित्र रहेका आन्तरिक विवादहरूको व्यवस्थापन गर्ने ।

(ख) अनुशासन सम्वन्धी नियमावली लागू गर्ने ।

(ग) विधान, नियमावलीहरू र अधिवेशन एवम् परिषद्का साथै बैठकहरूले तोकिदिएका जिम्मेवारी वहन नगर्ने कार्यसमितिका पदाधिकारीलाई सो कार्य वहन गर्न लगाउने र आफ्नो जिम्मेवारी वहन नगर्नेलाई छानविन गरी पदमुक्त गर्न सम्वन्धित कार्यसमिति र सदस्य-समूहलाई निर्देशन दिने ।

(घ) निर्देशन पालना नगर्ने पदाधिकारी, कार्यसमिति सदस्य वा सदस्य-समूहलाई विधान र नियमावलीहरू अनुसार आवश्यक कारबाहीको लागि अधिवेशन समक्ष सिफारिस गर्ने ।

(ङ) आफ्ना निर्णयहरू पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएमा सो कार्य गर्ने ।

(च) आफ्नो कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि आवश्यक्ता अनुसार विषय-विज्ञहरूको सहयोग लिई कार्य गर्ने ।

(छ) आफुले गर्नु परेको कारकाहीको कारण र निष्कर्षहरू सम्वन्धित कार्यसमिति र सदस्य-समूहमा जानकारी गराउनु पर्ने ।

(२) लेखा तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय महासंघबाट सञ्चालित कार्यक्रमहरू न्यूनतम् खर्च-अधिकतम् उपलब्धिको मान्यता अनुरुप सञ्चालन भएका नभएको वारेमा एकिन गर्न कम्तिमा ६/६ महिनामा कार्यमूलक रुपमा आन्तरिक लेखा परिक्षण गर्ने वा गराउने ।

(ख) आर्थिक नियमावलीलाई प्रभावकारी रुपमा लागू गराई तत्काल वेरुजु फछ्र्योट गर्न लगाउने ।

(ग) स्थानीय महासंघद्वारा सञ्चालित परियोजनाहरूको अनुगमन र मूल्यांकन गरी परियोजना सञ्चालन सम्वन्धी जिम्मेवार व्यक्ति र स्थायी समितिलाई आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने ।

२२. **स्थानीय महासंघको परिषद्** : (१) अधिवेशन आयोजना हुने वर्ष बाहेक स्थानीय महासंघको परिषद् प्रत्येक वर्ष आयोजना गर्नु पर्नेछ ।

(२) स्थानीय महासंघको वार्षिक परिषद्मा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ :

(क) स्थानीय महासंघको क्षेत्रभित्र रहेको सबै समूहबाट अध्यक्ष सहित २ जना प्रतिनिधिहरू (१ जना महिला) ।

(ख) स्थानीय महासंघका कार्यसमितिका पदाधिकारीहरू

(ग) न्यायीक समिति र लेखा तथा अनुगमन समितिका संयोजक र सदस्यहरू

(३) कुनै सदस्य समूहले स्थानीय महासंघको परिषद्को खर्च व्यहोर्ने वा अन्य कुनै योगदान गर्ने भएमा त्यस्ता सदस्य समूहहरूबाट स्थानीय महासंघको कार्यसमितिको निर्णय बमोजिम लैङ्गिक समता र समावेशी हुनेगरी थप प्रतिनिधि बोलाउन सकिने छ ।

(४) स्थानीय महासंघको कार्यसमितिले छनोट गरेका व्यक्तिहरू र सल्लाहकारहरू पर्यवेक्षक हुन सक्नेछन् ।





२३. **स्थानीय महासंघको परिषद्को काम कर्तव्य र अधिकार** : स्थानीय महासंघको परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थानीय महासंघको कार्यसमितिद्वारा प्रस्तुत आर्थिक तथा सांगठनिक प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने ।

(ख) स्थानीय महासंघको दूरदृष्टि तथा बार्षिक कार्यक्रम तर्जुमा र पारित गर्ने ।

(ग) सामुदायिक वनका सवालहरूबारे छलफल गरी दृष्टिकोण तयार गर्ने ।

(घ) वन उद्यम तथा अन्य रोजगारी प्रवर्द्धनका लागि योजना तर्जुमा गरी पारित गर्ने ।

(ङ) समूहका अनुभव आदान प्रदान गर्ने ।

(च) कार्यसमिति, न्यायिक समिति र लेखा तथा अनुगमन समितिलाई आवश्यक मार्गनिर्देशन गर्ने ।

(छ) प्रदेश अधिवेशनकाका लागि प्रतिनिधि छनोट गर्ने ।

(ज) अन्य आवश्यक बिषयमा छलफल गरी निर्णय गर्ने ।

## परिच्छेद-५

## (जिल्ला महासंघ)

२४. **जिल्ला महासंघको गठन** : (१) हाल जिल्ला महासंघको रुपमा रहेका कार्यसमितिहरू आफ्नो बाँकी कार्यकालसम्म जिल्ला महासंघको रुपमा नै क्रियाशिल रहने छन् ।

(२) प्रत्येक जिल्लामा स्थानीय महासंघ र प्रदेश महासंघका बीच समन्वय गर्न र जिल्लास्तरमा सामुदायिक वनका विषयमा समन्वय गर्न जिल्ला महासंघको गठन हुनेछ, जसलाई सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, ........जिल्ला महासंघ भनिनेछ ।

(३) जिल्ला महासंघका पदाधिकारीहरूको कार्यकाल ४ वर्षको हुनेछ र कुनैपनि व्यक्ति दुई अवधीभन्दा बढी अध्यक्ष हुन पाइने छैन् ।

२५. **जिल्ला महासंघमा प्रतिनिधित्व** : जिल्ला महासंघको हालको कार्यकाल समाप्त भएपछि जिल्ला महासंघमा देहाय बमोजिमका प्रतिनिधिहरू सदस्य हुनेछ :

(क) प्रत्येक स्थानीय महासंघको अध्यक्ष र स्थानीय महासंघको कार्यसमितिले छनोट गरी पठाएको १ जना महिला सहित २ जना ।

(ख) समूह संख्याको अनुपात, आवश्यकता र अनुभवका आधारमा कुनै स्थानीय महासंघ वा उपभोक्ता समूहबाट थप प्रतिनिधि सदस्य राख्न उपयुक्त छ भनी जिल्ला महासंघले निर्णय गरेमा सोही आधारमा महिला पुरुष बरावर हुनेगरी थप गरिएका बढीमा ४ जना प्रतिनिधि सदस्यहरू ।

२६. **जिल्ला महासंघको समिति** : (१) जिल्ला महासंघको नियमित कार्य सञ्चालनका लागि स्थानीय महासंघबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सदस्यहरूले आमसहमति वा निर्वाचनका माध्यमबाट लैङ्गिक समता र समावेशीकरण हुनेगरी देहाय बमोजिमका पदाधिकारी छनोट गर्नुपर्नेछ :

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) सचिव

(घ) कोषाध्यक्ष

(२) अध्यक्ष र सचिवमध्ये एक जना महिला र उपाध्यक्ष कोषाध्यक्ष मध्ये एकजना महिला हुनुपर्नेछ ।

(३) कुनैपनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकालको लागि अध्यक्ष हुन पाउने छैन्

(४) प्रत्येक ३ महिनामा र आवश्यकता अनुसार अन्य समयमा जिल्ला महासंघको कार्यसमितिको बैठक बसी समन्वय गर्नुपर्ने विषयहरू पहिचान गरी कार्य सञ्चालन गर्नुपर्नेछ ।

(५) जिल्ला महासंघको कार्यसमिति सञ्चालन सम्बन्धी अन्य व्यवस्था जिल्ला महासंघ कार्यसमितिले तर्जुमा गर्ने विनियमावली बमोजिम हुनेछ ।





२७. **जिल्ला महासंघको कार्यसमितिको काम, कर्तव्य र अधिकार** : जिल्ला महासंघको कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) महासंघको उद्देश्य, नीति र कार्यक्रमलाई आफ्नो जिल्ला भित्र कार्यान्वयन गर्ने गराउने ।

(ख) स्थानीय महासंघ र प्रदेश महासंघका बीच समन्वयकारी संयन्त्रको रूपमा काम गर्ने ।

(ग) जिल्ला स्तरमा जिल्ला समन्वय समिति र अन्य सम्बन्धित निकायहरूसँग समन्वय गरी कार्य गर्ने ।

(घ) समितिका पदाधिकारी बीच कार्य विभाजन गरी काम गर्ने ।

(ङ) उपभोक्ता समूहको तर्फबाट जिल्लास्तरमा गर्नुपर्ने कार्यहरूमा स्थानीय महासंघ र उपभोक्ता समूहको तर्फबाट समन्वय तथा अन्य आवश्यक कार्यहरू गर्ने ।

(च) प्रदेश महासंघसँग समेत समन्वय गरी स्थानीय महासंघका विभिन्न कार्यक्रमहरूमा सहयोग तथा सहजीकरण गर्ने

(छ) जिल्ला भित्रको आन्तरिक श्रोतको पहिचान गरी परिचालन गर्ने, आर्थिक कारोवारको लेखा परीक्षण गर्ने गराउने

(ज) स्थानीय महासंघको प्रगति मूल्यांकन, अनुगमन तथा सुपरिवेक्षण गरी सो को प्रतिवेदन प्रदेश महासंघ समक्ष पेश गर्ने ।

(झ) स्थानीय महासंघ निष्कृय भएमा र सकृय बनाउन पहल तथा सहजीकरण गर्ने र निरन्तर निस्कृय रहेको देखेमा स्थानीय महासंघको सक्रियतका लागि प्रदेश समक्ष आवश्यक सुझावहरू प्रस्तुत गर्ने ।

(ञ) संघीय र प्रदेश महासंघमा प्रतिनिधित्व गर्ने प्रतिनिधि सदस्यहरूको छनोट गरी पठाउने ।

## परिच्छेद - ६

## (प्रदेश महासंघ)

२८. **प्रदेश महासंघको गठन** : (१) महासंघको संघीय नीति र संस्थागत संरचनामा आवद्ध रही प्रदेश तहमा आर्थिक, प्रशासनिक र व्यवस्थापकीय रुपमा स्वायत्त रहने गरी प्रत्येक प्रदेशमा प्रदेश महासंघ रहने छन्, जसलाई सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, ..............प्रदेश महासंघ, (प्रदेशको नाम) भनिने छ ।

(२) प्रत्येक ४ वर्षमा प्रदेश महासंघको कार्यसमितिले तोकेको मिति र स्थानमा प्रदेश महासंघको अधिवेशन आयोजना हुनेछ ।

(३) प्रदेश अधिवेशन प्रदेश महासंघको सर्वोच्च अंग हुनेछ र यसैबाट प्रदेश महासंघको नेतृत्व छनोट र नीति तथा कार्यक्रमहरू परित हुनेछ ।

(४) प्रदेश महासंघले जिल्ला तथा स्थानीय तहमा कार्य गर्दा सम्बन्धित जिला महासंघ र स्थानीय महासंघ मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्नेछ र प्रदेश महासंघले आफनो वार्षिक प्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन र स्थानीय महासंघसँग सम्बन्धित अद्यावधिक विवरण संघीय महासंघमा पठाउनु पर्नेछ ।

२९. **प्रदेश महासंघको अधिवेशनका प्रतिनिधिहरू** : (१) प्रदेश महासंघको अधिवेशनमा देहाय बमोजिमका व्यक्ति प्रतिनिधिको रुपमा रहने छन् :

(क) स्थानीय महासंघका प्रतिनिधिहरू

(१) १-१५ सदस्य समूह आवद्ध र नवीकरण भएका स्थानीय महासंघबाट अध्यक्ष सहित ३ महिला र ३ पुरुष

(२) १६ वा सोभन्दा बढी सदस्य समूह आवद्ध र नवीकरण भएका स्थानीय महासंघबाट अध्यक्ष सहित ४ महिला र ४ पुरुष

(ख) जिला महासंघबाट अध्यक्ष सहित १ महिला र १ पुरुष

(ग) प्रदेश महासंघको तदर्थ/कार्यसमितिका सदस्य र पदाधिकारीहरू





(घ) पर्यवेक्षकको रुपमा सम्बन्धित प्रदेश महासंघका सल्लाहकारहरू, सम्बन्धित प्रदेशमा रहेका संघीय महासंघका सदस्य तथा पदाधिकारी र प्रदेश महासंघको कार्यसमितिले आमन्त्रण गरेका व्यक्तिहरू

(२) स्थानीय महासंघले प्रदेश महासंघको अधिवेशनका लागि खण्ड (क) बमोजिम प्रतिनिधि छनोट गर्दा लैङ्गिक समानताका साथै सामाजिक समावेशीकण हुनेगरी आफनो कार्यसमितिको बैठकबाट अलग अलग जातजाति तथा वर्ग र भौगोलिक क्षेत्रको समेत प्रतिनिधित्व हुनेगरी छनोट गर्नुपर्नेछ ।

(३) प्रदेश महासंघको कार्यसमितिका वर्तमान कुनैपनि पदाधिकारी तथा सदस्यले प्रदेश महांघको अधिवेशनमा कुनै पनि पदका लागि उम्मेदवार बन्न चाहेमा आफनो स्थानीय महासंघबाट माथि खण्ड (क) मा उल्लेखित संख्या अन्तर्गत प्रतिनिधिको रुपमा छनोट भएको हुनुपर्नेछ ।

(४) विधानको दफा ११ र ३६ बमोजिम प्रदेश महासंघको कार्यसमिति सदस्यका लागि उम्मेदवार हुन आफू उपभोक्ता रहेको सम्बन्धित सदस्य समूहको आमभेलाबाट उम्मेदवार हुन छनोट भएको निर्णय र सिफारिसपत्र आवश्यक हुनेछ, तर कुनै कारणले यस प्रयोजनाका लागि सदस्य समूहको आमभेला बस्न सक्ने अवस्था नभएमा पछि बस्ने आमभेलाबाट अनुमोदन गराउने गरी उक्त समूहको कार्यसमितिको पूर्ण बैठकबाट उम्मेदवार छनोटसम्बन्धी निर्णय गरी सिफारिस लिन सकिने छ ।

३०. **प्रदेश महासंघको अधिवेशनको काम, कर्तव्य र अधिकार** : प्रदेश महासंघको अधिवेशनको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) विधान, यो नियमावली र निर्वाचन नियमावली अन्तर्गत रही रही लैङ्गिक समनाता र समावेशीकरण हुनेगरी कार्यसमिति, न्यायीक समिति र लेखा तथा अनुगमन समितिका सदस्य र पदाधिकारीहरूको चयन गर्ने ।

(ख) आफनो प्रदेशभित्र रहेका उपभोक्ता समूह र स्थानीय महासंघका नीतिगत सवालहरू पहिचान गरी सम्बोधनका उपयाहरू पहिचान गर्ने ।

(ग) आफ्नो प्रदेशका लागि आवधिक दूरदृष्टि निर्माण गरी कार्यक्रम तर्जुमा र पारित गर्ने ।

(घ) कार्यसमिति र विभिन्न समितिद्वारा प्रस्तुत प्रगति विवरण, प्रतिवेदन र प्रस्तावमाथि छलफल गरी निर्णय गर्ने र सुझाव एवम् निर्देशन दिने ।

(ङ) कार्यसमितिबाट प्रस्तुत कार्यक्रम स्वीकृत गर्ने र बजेट पारित गर्ने र लेखा परीक्षण प्रतिवेदनहरू अध्ययन गरी आवश्यक सुझाव सहित अनुमोदन गर्ने ।

(च) प्रदेश महासंघको संस्थागत दीगो विकास गर्दै समूहहरूको हक अधिकार र हितका कार्यहरू गर्ने गराउने व्यवस्था मिलाउने ।

(छ) विधान तथा नियमावलीहरूमा समयानुकुल परिवर्तन गर्न महसुस गरिएका बिषयहरूमा छलफल गरी संघीय महासंघको महाधिवेशनमा विचार विमर्शको निम्ति प्रस्ताव पठाउने ।

(ज) संघीय महाधिवेशनको लागि महाधिवेशन प्रतिनिधि छनोट गर्ने ।

३१. **प्रदेश महासंघको कार्यसमिति गठन** : (१) प्रदेश महासंघको अधिवेशनले आफनो प्रदेशको आवश्यकता अनुसार गठन हुने प्रदेश कार्यसमितिको संख्या बढीमा ५० सदस्यीय हुनेगरी आफै निर्धारण गर्नुपर्नेछ ।

(२) कार्यसमितिको संख्या निर्धारण गर्दा विधानको दफा १३ मा गरिएको लैङ्गक समता र समावेशीकरणसम्बन्धी व्यवस्थालाई मध्यनजर गर्दै प्रदेशमा रहेका जिल्ला र विभिन्न स्थानीय तहमा रहेको समूह संख्याको अनुपातलाई पनि ध्यान दिनु पर्नेछ ।

(३) प्रदेश महासंघको अधिवेशनले निर्धारण गरेको संख्यामा जिल्लागत रूपमा वा स्थानीय महासंघ अन्तर्गत रहेका समूह संख्याको अनुपातका आधारमा प्रदेश कार्यसमितिका सदस्यहरूको छनोट





गरेपश्चात् सोही कार्यसमितिका सदस्यहरू मध्येबाट देहाय बमोजिम पदाधिकारी छनोट गर्नु पर्नेछ :

(क) अध्यक्ष १

(ख) उपाध्यक्ष १

(ग) महासचिव १

(घ) कोषाध्यक्ष १

(४) पदाधिकारीको छनोट गर्दा अनिवार्य रूपमा अध्यक्ष तथा महासचिव मध्ये एक जना महिला र उपाध्यक्ष तथा कोषाध्यक्ष मध्ये एक जना महिला हुनु पर्नेछ ।

(५) कार्यसमितिले पदाधिकारीहरू सहित लैङ्गक समता र समावेशीकरणका आधारमा बढीमा ११ जना सम्मको स्थायी समिति गठन गर्न सक्नेछ ।

(६) कार्यसमितिका सदस्य तथा पदाधिकारी छनोट गर्दा जुन पदका लागि आमसहमति नभएको हो, सोही पदका लागि मात्र अधिवेशन प्रतिनिधिहरूले मतदान प्रक्रियाद्वारा छनोट गर्नुपर्नेछ ।

(७) कुनैपनि व्यक्ति दुई कार्यकालभन्दा बढी कार्यकालको लागि अध्यक्ष हुन पाउने छैन् ।

३२. **प्रदेश महासंघ कार्यसमितिको काम, कर्तव्य र अधिकार** : प्रदेश महासंघको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेश महासंघको दैनिक कार्यालय सञ्चालन गर्ने ।

(ख) प्रदेशयस्तरका महत्वपूर्ण सूचनाहरू संघीय महासंघ, जिल्ला र स्थानीय महासंघमा प्रवाह गर्ने ।

(ग) संघीय महासंघको परामर्श बमोजिमका कार्य गर्ने ।

(घ) अधिवेशनले तोके बमोजिमका नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने ।

(ङ) आफ्नो प्रदेश भित्रका स्थानीय महासंघको कामको मूल्यांकन गरी उत्कृष्ट महासंघलाई पुरस्कृत गर्ने ।

(च) स्थानीय महासंघको क्षमता विकास गर्ने गराउने ।

(छ) प्रदेश तहका सरोकारवालासँग समन्वयात्मक रुपमा कार्य गर्ने ।

(ज) जिल्ला र स्थानीय महासंघमा हुने कार्यक्रममा महासंघको तर्फबाट प्रतिनिधित्व गर्ने ।

(झ) स्थानीय महासंघको कार्य प्रभावकारी रुपमा कार्यान्वयन गर्न स्थायी समिति गठन गर्ने ।

(ञ) प्रदेश महासंघको अधिवेशन तथा परिषद्को मिति र स्थान तोक्ने र अधिवेशन तथा परिषद्को व्यवस्थापन गर्ने गराउने ।

३३. **प्रदेश महासंघमा न्यायीक समिति र लेखा तथा अनुगमन समितिको गठन** : (१) प्रदेश महासंघमा न्यायिक समिति र लेखा तथा अनुगमन समिति गठन गर्न आवश्यक छ भनी प्रदेश अधिवेशनका प्रतिनिधिहरूले निर्णय गरेमा प्रदेश अधिवेशनका प्रतिनिधिहरू मध्येबाट लैङ्गिक समानता हुनेगरी १/१ जना संयोजक सहित ३/३ जनासम्म सदस्य रहने गरी अधिवेशनबाट न्यायिक समिति र लेखा तथा अनुगमन समितिको गठन गर्नुपर्नेछ ।

(२) न्यायिक समिति र लेखा तथा अनुगमन समिति मध्ये कुनै एक समितिको संयोजक महिला हुनुपर्नेछ र कुन समितिको संयोजकमा महिला रहने भन्ने विषयमा आमसहमति नभएमा संयोजक छनोट गर्नुपूर्व गोला प्रथाद्वारा टुङ्गो लगाउनु पर्नेछ ।

(३) प्रदेश महासंघ अन्तर्गत गठित न्यायिक समिति र लेखा तथा अनुगमन समितिको काम, कर्तब्य र अधिकार प्रदेश अधिवेशनले निर्णय गरे बमोजिम हुनेछ ।

३४. **प्रदेश महासंघको परिषद्** : (१) अधिवेशन आयोजना हुने वर्ष बाहेक प्रदेश महासंघको परिषद् प्रत्येक वर्ष आयोजना गर्नु पर्नेछ ।

(२) प्रदेश महासंघको वार्षिक परिषद्मा देहाय बमोजिमको प्रतिनिधित्व हुनेछ :





(क) प्रदेश महासंघको क्षेत्रभित्र रहेको सबै स्थानीय महासंघ अध्यक्ष सहित २ जना प्रतिनिधिहरू (१ जना महिला) ।

(ख) प्रदेश महासंघका कार्यसमितिका पदाधिकारीहरू

(ग) न्यायीक समिति र लेखा तथा अनुगमन समिति गठन गरिएको भए सोको संयोजक र सदस्यहरू

(३) कुनै स्थानीय महासंघ वा सदस्य समूहले प्रदेश महासंघको परिषद्को खर्च व्यहोर्ने वा अन्य कुनै योगदान गर्ने भएमा त्यस्ता स्थानीय महासंघ वा सदस्य समूहहरूबाट प्रदेश महासंघको कार्यसमितिको निर्णय बमोजिम लैङ्गिक समता र समावेशी हुनेगरी परिषद्मा थप प्रतिनिधि बोलाउन सकिने छ ।

(४) प्रदेश महासंघको कार्यसमितिले छनोट गरेका व्यक्तिहरू र सल्लाहकारहरू पर्यवेक्षक हुन सक्नेछन् ।

३५. **प्रदेश महासंघको परिषद्को काम कर्तव्य र अधिकार** : प्रदेश महासंघको परिषद्को काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) प्रदेश महासंघको कार्य समितिद्वारा प्रस्तुत आर्थिक तथा सांगठनिक प्रतिवेदन र अन्य प्रतिवेदनमाथि छलफल गरी अनुमोदन गर्ने ।

(ख) प्रदेश महासंघको दूरदृष्टि तथा बार्षिक कार्यक्रम तर्जुमा र पारित गर्ने ।

(ग) समूहका अनुभव आदान प्रदान गर्ने र आफनो प्रदेश भित्रका सामुदायिक वनका सवालहरूबारे छलफल गरी दृष्टिकोण तयार गर्ने ।

(घ) स्थानीय महासंघहरूको क्षमता विकासका कार्यक्रम तर्जुमा र पारित गर्ने

(ङ) कार्यसमितिलाई आावश्यक मार्गनिर्देशन गर्ने ।

(च) अन्य आवश्यक बिषयमा छलफल गरी निर्णय गर्ने ।

# परिच्छेद - ७

## (संघीय महासंघ)

३६. **संघीय महासंघको गठन** : (१) स्थानीय, जिल्ला र प्रदेश तहमा रहेका महासंघहरूको समग्र नेतृत्वदायी महासंघको रुपमा संघीय महासंघ रहने छन्, जसलाई सामुदायिक वन उपभोक्ता महासंघ नेपाल, संघीय महासंघ भनिने छ ।

(२) संघीय महासंघको सर्वोच्च अंगको रुपमा प्रत्येक ४ वर्षमा संघीय महासंघको कार्यसमितिले तोकेको मिति र स्थानमा संघीय महासंघको संघीय महाधिवेशन आयोजना हुनेछ र यसै महाधिवेशबाट संघीय महासंघको नेतृत्व छनोट र नीति तथा कार्यक्रमहरू परित हुनेछ ।

(३) संघीय महासंघले प्रदेश, जिल्ला तथा स्थानीय तहमा कार्य गर्दा सम्बन्धित तहमा रहेका महासंघहरू मार्फत कार्यक्रम सञ्चालन गर्नेछ र कामको प्रकृति अनुसार कुनै कार्यक्रम सिधै उपभोक्ता समूहमा पनि सञ्चालन गर्न सकिनेछ ।

३७. **संघीय महासंघको महाधिवेशनका प्रतिनिधिहरू** : (१) संघीय महासंघको महाधिवेशनमा देहाय बमोजिमका प्रतिनिधिहरू रहेन छन् :

(क) प्रदेश महासंघको अधिवेशनबाट सम्बन्धित प्रदेश भित्र जिल्लागत रुपमा रहेको समूह आवद्धता र नवीकरण संख्याको आधारमा लैङ्गिक समानता र विधानको दफा १३ मा गरिएको व्यवस्था अनुसार हुनेगरी देहाय बमोजिमको संख्याका प्रतिनिधिहरू :

(१) १-१० समूह आवद्ध र नवीकरण भएमा १ महिला १ पुरुष गरी २ जना

(२) ११ देखी ५० समूह आवद्ध र नवीकरण भएमा २ महिला २ पुरुष गरी ४ जना





(३) ५१ देखी २०० समूह आवद्ध र नवीकरण भएमा ३ महिला ३ पुरुष गरी ६ जना

(४) २०१ देखी ४०० समूह आवद्ध र नवीकरण भएमा ४ महिला ४ पुरुष गरी ८ जना

(५) ४०१ भन्दा बढी समूह आवद्ध र नवीकरण भएमा ५ महिला ५ पुरुष गरी १० जना

(ख) जिल्ला महासंघवाट अध्यक्ष र १ कार्यसमितिले छनोट गरेको जना महिला सहित २ जना

(ग) प्रदेश महासंघबाट अध्यक्ष र प्रदेश कार्यसमितिले छनोट गरेको १ जना महिला सहित २ जना

(घ) संघीय महासंघको कार्यसमितिका पदाधिकारी र सदस्यहरू

(ङ) न्यायीक समिति र लेखा तथा अनुगमन समितिका संयोजक र सदस्यहरू

(२) प्रदेश महासंघको अधिवेशनबाट संघीय महासंघको महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्दा प्रदेश अधिवेशनका प्रतिनिधिहरूले आ-आफनो जिल्लाबाट आवद्ध समूह सदस्य संख्याको आधारमा जिल्लागत रुपमा महाधिवेशन प्रतिनिधि छनोट गर्नुपर्नेछ र यसरी प्रतिनिधि छनोट गर्दा सम्बन्धित जिल्लाभित्रका प्रतिनिधिहरू बीच आमसहमति कायम हुन नसकेमा सम्बन्धित जिल्ला अन्तर्गत पर्ने प्रदेश अधिवेशनका प्रतिनिधिहरूले मतदानद्धारा आफ्नो जिल्लाको तर्फबाट महाधिवेशन प्रतिनिधि छनोट गर्नुपर्नेछ ।

(३) उपनियम (२) बमोजिम छनोट भएका महाधिवशन प्रतिनिधिहरूको नामावली प्रदेश महासंघले संघीय महासंघको सचिवालयलाई महाधिवेशनको मितिभन्दा कम्तिमा १५ दिन पहिला उपलब्ध गराउनु पर्नेछ ।

(४) समूह सदस्यको आवद्धता र नवीकरणको सम्बन्धमा संघीय महासंघको सचिवालयमा अध्यावधिक गरिएको अभिलेखलाई आधिकारिक अभिलेख मानिने छ र प्रदेश महासंघको अधिवेशनका

क्रममा संघीय महासंघको महाधिवेशनका लागि प्रतिनिधि छनोट गर्ने प्रयोजनार्थ सघीय महासंघको सचिवालयले समूह आवद्धता र नवीकरणको अद्यावधिक विवरण सम्बन्धित प्रदेश महासंघ र स्थानीय महासंघलाई प्रदेश अधिवेशनका प्रतिनिधि छनोट गर्नुभन्दा पहिला नै उपलब्ध गराउनु पर्नेछ ।

(५) संघीय महाधिवेशनमा संघीय महासंघका सल्लाहकारहरू र संघीय महासंघको स्थायी समितिको निर्णय अनुसार आमन्त्रण गरेका व्यक्तिहरू पर्यवेक्षकको रुपमा रहने छन् ।

(६) संघीय महासंघको कार्यसमितिका वर्तमान पदाधिकारी तथा सदस्यहरूले संघीय महाधिवेशनमा कुनै पनि पदका लागि उम्मेदवार बन्न चाहेमा आफनो प्रदेश महासंघबाट माथि नियम (१) को खण्ड (क) मा उल्लेखित संख्या अन्तर्गत प्रतिनिधिको रुपमा छनोट भएको हुनुपर्नेछ ।

३८.**संघीय महासंघको महाधिवेशनका काम, कर्तब्य र अधिकार** : संघीय महासंघको महाधिवेशनका काम, कर्तब्य र अधिकारहरू देहाय बमोजिम हुनेछन् :

(क) संघीय कार्यसमिति र अन्य समितिहरूद्वारा प्रस्तुत बार्षिक तथा अन्य प्रतिवेदन, आय-व्यय एवम् लेखा परीक्षण प्रतिवेदनमाथि छलफल गरी स्वीकृत गर्ने र आगामी बर्षको कार्यक्रम एवम् बजेट पारित गर्ने ।

(ख) संघीय कार्यसमितिबाट प्रस्तुत प्रस्तावहरू र बिषय सूचीमा समावेश गरिएका अन्य विषयमाथि छलफल गरी निर्णय गर्ने ।

(ग) संघीय महासंघको दुरदृष्टि निर्माण गरी नीति, रणनीति र योजना र भावी कार्यक्रमहरू तय गर्ने ।

(घ) आवश्यकतानुसार विधानमा संशोधन तथा परिमार्जन गर्ने ।

(ङ) राष्ट्रिय कार्यसमितिको पदाधिकारीको छनोट गर्ने ।

(च) न्यायिक समिति र लेखा तथा अनुगमन समितिका संयोजक र सदस्यहरूको छनोट गर्ने ।





(छ) लेखा परीक्षक नियुक्ती अनुमोदन गर्ने ।

(ज) निर्वाचन समिति गठन प्रक्रिया अनुमोदन गर्ने ।

(झ) महाधिवेशनले आवश्यक ठानेका अन्य निर्णयहरू गर्ने ।

३९. **संघीय महासंघको संघीय परिषद्** : (१) संघीय परिषद् संघीय महासंघको दोश्रो प्रमूख अंग हुनेछ ।

(२) संघीय महासंघको संघीय कार्यसमितिले तोकेको मिति र स्थानमा संघीय महाधिवेशन हुने वर्ष बाहेक प्रत्येक वर्ष संघीय परिषद् बस्नेछ, जसमा देहाय बमोजिमका पार्षदहरू रहने छन् :

(क) प्रत्येक प्रदेश महासंघबाट अध्यक्ष सहित ७ जना महिला ७ जना पुरुष गरी १४ जना

(ख) संघीय महासंघको कार्यसमितिका पदाधिकारी र सदस्यहरू ।

(घ) न्यायिक समिति र लेखा तथा अनुगमन समितिका संयोजक र सदस्यहरू

(३) सल्लाहकारहरू र संघीय कार्यसमितिले आमन्त्रण गरेका निकाय तथा संघ संस्थाका प्रतिनिधिहरू पर्यवेक्षकको रुपमा रहनेछन् ।

४०. **संघीय परिषद्को काम, कर्तव्य र अधिकार** : संघीय परिषद्को काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) प्रदेश र संघीय महासंघले वनका सन्दर्भमा प्राप्त अनुभवहरू आदान प्रदान गर्ने,

(ख) आयमूलक एवम् सांगठनिक कृयाकलापहरूको विश्लेषण गरी नयाँ कृयाकलापहरू पहिचान गर्ने ।

(ग) कार्यसमितिले गरेका कामहरू एवम् तर्जुमा गरेका नियमावलीहरू र तत्काल बाधा अड्काउ फुकाउन आवश्यक

(घ) महसुस गरी ल्याइएका प्रस्तावहरू माथि छलफल गरी अनुमोदन गर्ने ।

(ङ) सूचीमा समावेश गरिएका अन्य विषयमाथि छलफल र निर्णय गर्ने ।

(च) आवश्यकता अनुसार महासंघको विधान संशोधन गर्ने ।

(छ) विधान र नियमावलीहरूले प्रदान गरेको अन्य कार्यहरू गर्ने ।

४१. **संघीय महासंघको संघीय कार्यसमिति गठन :** (१) संघीय कार्यसमितिको गठन गर्ने दायित्व सम्पूर्ण महाधिवेशन प्रतिनिधिहरूको हुनेछ र महाधिवेशनका प्रतिनिधिहरू नै यस नियमावली अनुसार संघीय कार्यसमिति छनोटका लागि मतदाता हुनेछन् ।

(२) विधानको दफा ११ र ३६ बमोजिमको योग्यता पुगेको महाधिवेशन प्रतिनिधि आमसहमती वा निर्वाचन प्रक्रियाद्वारा आफनो प्रदेशबाट वा समावेशीकरणसम्बन्धी वर्ग समुदायबाट संघीय कार्यसमितिको सदस्य पदका लागि उम्मेदवार भई निर्वाचित् हुन पाउने छन् ।

(३) विधानको दफा ११ र ३६ बमोजिम संघीय महासंघको कार्यसमिति सदस्यका लागि उम्मेदवार हुन आफू उपभोक्ता रहेको सम्बन्धित सदस्य समूहको आमभेलाबाट उम्मेदवार हुन छनोट भएको निर्णय र सिफारिसपत्र आवश्यक हुनेछ, तर कुनै कारणले यस प्रयोजनका लागि सदस्य समूहको तत्काल आमभेला बस्न सक्ने अवस्था नभएमा पछि बस्ने आमभेलाबाट अनुमोदन गराउने गरी उक्त समूहको कार्यसमितिको पूर्ण बैठकबाट उम्मेदवार छनोटसम्बन्धी निर्णय गरी सिफारिस लिन सकिने छ ।

(४) संघीय महासंघको कार्यसमितिमा सदस्य हुनको लागि जिल्ला महासंघ वा प्रदेश महासंघ वा संघीय महासंघको कार्यसमितिमा कम्तिमा एक कार्यकालको अवधीभर निरन्तर कृयाशिल सदस्य भई अनुभव प्राप्त गरेको हुनु पर्नेछ ।

(५) संघीय महासंघको संघीय कार्यसमितिको गठन गर्दा विधानको दफा ११ र ३६ बमोजिम उम्मेदवार हुन योग्यता पुगेका प्रतिनिधिहरू मध्येबाट निर्वाचन नियमावलीमा निर्धारित प्रक्रिया पूरा गरी देहाय बमोजिम बढीमा ८५ जना सदस्यहरू छनोट हुनेछन :

(क) आ-आफनो प्रदेशभित्र प्रदेशिक रुपमा खुल्ला प्रतिष्पर्धाका आधारमा प्रत्येक प्रदेशबाट ४ जना महिला र ४ जना पुरुष गरी ७ प्रदेशबाट ५६ जना





(ख) विधानको दफा १८(३) बमोजिम समावेशीकरणका आधारमा सम्बन्धित वर्गबाट प्रतिनिधित्व गर्ने २६ जना

(१) आदिवासी जनजातिबाट ४ जना महिला ४ जना पुरुष

(२) दलितबाट २ जना महिला २ जना पुरुष

(३) मधेशी समुदायबाट २ जना महिला र २ जना पुरुष

(४) थारु समुदायबाट १ जना महिला १ जना पुरुष

(५) अल्पसंख्यक समुदायबाट १ जना महिला र १ जना पुरुष

(६) मुस्लिमबाट १ जना महिला र १ जना पुरुष

(७) अपाङ्गबाट १ जना महिला र १ जना पुरुष

(८) विपन्न वर्गबाट १ जना महिला र १ जना पुरुष

(ग) वन उपभोक्ता समूहको प्रतिनिधिको रुपमा सामुदायिक वन, मध्यवर्ति सामुदायिक वन, वन उद्यम र वन अधिकार अभियानको क्षेत्रमा अटुट रुपमा उल्लेखनीय योगदान गर्दै आएका व्यक्तिहरू मध्येबाट संघीय महासंघको राष्ट्रिय कार्यसमितिले मनोनित गरेका कम्तिमा २ जना महिला सहित ३ जना

(६) आ-आफनो प्रदेशबाट खुल्ला प्रतिष्पर्धाका आधारमा कार्यसमितिका सदस्य छनोट गर्दा आमसहमति नभई मतदान गर्नुपर्ने भएमा आमसहमति नभएको सम्बन्धित प्रदेशका प्रतिनिधिहरूले मात्र मतदान गर्न पाउने छन् ।

(७) समावेशीकरणका आधारमा छनोट गर्ने सदस्यहरू छनोट गर्दा जुन वर्ग समुदायमा आमसहमति नभई मतदान गर्नुपर्ने हो, सोही वर्ग समुदायका प्रतिनिधिहरूले मात्र मतदान गर्न पाउने छन् ।

(८) आदिवासी जनजाति समुदायबाट सदस्य छनोट गर्दा हिमाली, पहाडी र तराईमूलका आदिवासी जनजातिहरू बीच सन्तुलन र समानुपातिक हुनेगरी छनोट गर्नुपर्नेछ ।

(९) मधेशी समुदायबाट सदस्य छनोट गर्दा टाढा एवं दक्षिण क्षेत्रका वन उपभोक्ताहरूको समेत प्रतिनिधित्व सुनिश्चित् हुने गरी छनोट गर्नुपर्नेछ ।

***नोट :*** यस नियमावलीमा आदिवासी जनजाति, दलित र अल्पसंख्यक समुदाय भन्नाले नेपाल राजपत्रमा सूचीकृत गरिएका वर्ग समुदायलाई जनाउने छ, थारु, मधेशी र मुस्लिम भन्नाले सम्बन्धित व्यक्तिको थरबाट पहिचान भएको मानिनेछ, अपाङ्ग भन्नाले नेपाल सरकारको सम्बन्धित निकायले प्रदान गरेको प्रमाणपत्रबाट पहिचान भएको व्यक्तिलाई जनाउने छ, र विपन्न भन्नाले नेपाल सरकार वा स्थानीय सरकार वा उपभोक्ता समूहले विपन्न भनी पहिचान गरी दिएको प्रमाणपत्रका आधारमा पहिचान भएको व्यक्तिलाई जनाउँनेछ, ।

४२. **संघीय महासंघको कार्यसमितिका पदाधिकारीको छनोट** : (१) नियम ४१ बमोजिम निर्वाचित कार्यसमितिका सदस्यहरू मध्ये विधान बमोजिम पदाधिकारी हुन योग्यता पुगेका कार्यसमिति सदस्यहरू मध्येबाट आमसहमतिका आधारमा देहाय बमोजिमका पदाधिकारीहरू छनोट गर्नुपर्नेछ :

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) महासचिव १ जना

(घ) सचिव १ जना

(ङ) कोषाध्यक्ष १ जना

(२) पदाधिकारी अन्तर्गत अध्यक्ष र महासचिव मध्ये १ पदमा महिला र उपाध्यक्ष र कोषाध्यक्ष मध्ये १ पदमा महिला छनोट गर्नुपर्नेछ ।

(३) पदाधिकारी छनोटका क्रममा कुनै पदका लागि आमसहमति कायम हुन नसकेमा जुन पदका लागि आमसहमति हुन नसकेको हो, सोही पदका लागि सम्पूर्ण महाधिवेशन प्रतिनिधिले मतदानद्वारा निर्वाचित् गर्नुपर्नेछ ।

(४) संघीय महासंघको संघीय कार्यसमितिमा एक पटक अध्यक्ष भइसकेको व्यक्ति पुनःसोही अध्यक्ष पदको लागि उम्मेदवार हुन पाउने छैन ।





४३. **स्थायी समितिको गठन** : संघीय महासंघको दैनिक कार्य व्यवस्थापनका लागि संघीय कार्यसमितिका पदाधिकारी र सदस्यहरू मध्येबाट देहायका पदाधिकारी र सदस्यहरू रहनेगरी आवश्यकता अनुसार बढीमा ११ सदस्यीय स्थायी समिति गठन हुनेछ :

(क) अध्यक्ष १ जना

(ख) उपाध्यक्ष १ जना

(ग) महासचिव १ जना

(घ) सचिव १ जना

(ङ) कोषाध्यक्ष १ जना

(च) संघीय कार्यसमितिका सदस्यहरू मध्येबाट प्रादेशिक संरचना, लैङ्गिक समानता र समावेशीकरण हुनेगरी छनोट हुने ३ महिला र ३ पुरुष गरी ६ जना ।

४४. **संघीय महासंघ कार्यसमितिको काम, कर्तव्य र अधिकार** : संघीय महासंघ कार्यसमितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) स्थायी समिति गठन गर्ने,

(ख) कार्यसमितिका पदाधिकारी तथा सदस्यको संयोजकत्वमा आवश्यकता अनुसार कार्यसमितिका सदस्यहरू र विशेषज्ञहरू समेत संलग्न गरी विभिन्न उप-समितिहरू गठन तथा विघटन गर्ने र त्यस्ता समितिहरूको काम कर्तव्य निर्धारण गरी समन्वयात्मक रुपमा परिचालन गर्ने ।

(ग) प्रचलित कानून, विधान र यस नियमावलीको व्यवस्था विपरित नहुने गरी विधानको ब्याख्या गर्ने, आवश्यकतानुसार सांगठनिक नियमावली, कर्मचारी प्रशासन नियमावली, आर्थिक प्रशासन नियमावली र अन्य आवश्यक नियमावलीहरू बनाई लागू गर्ने, संशोधन गर्ने वा खारेज गर्ने र यस्ता नियमावलीहरू राष्ट्रिय महाधिवेशन वा परिषद्बाट अनुमोदन गराउने ।

(घ) सामुदायिक वनसँग सम्बन्धित सार्वजनिक महत्वका विषयहरूमा महासंघको अवधारणा सार्वजनिक गर्ने ।

(ङ) आफ्ना सम्पूर्ण पदाधिकारी र सदस्यहरूलाई समूह, स्थानीय, जिल्ला र प्रदेश महासंघहरूप्रति जवाफदेहिता वहन गराउने कार्यसूची निर्माण गरी लागू गराउने ।

(च) आफ्ना सम्पूर्ण सदस्य पदाधिकारीहरूको कार्यक्षमता वृद्धिको निम्ति आवश्यक तालिम गोष्ठिको व्यवस्था गरी अनिवार्य उपस्थितिको व्यवस्था मिलाउने ।

(छ) संघीय परिषद्लाई सामुदायिक वनको राष्ट्रिय अनुभव आदानप्रदान गर्ने थलोको रुपमा व्यवस्था मिलाउन प्रयास गर्ने ।

(ज) समसामयिक विषयहरूमा प्रादेशिक र राष्ट्रिय कार्यशाला गोष्ठिहरूको आयोजना गरी प्राप्त सुझावहरूलाई प्राथमिकताको आधारमा लागू गर्दै लाने ।

(झ) न्यायिक समिति, लेखा तथा अनुगमन समिति तथा निर्वाचन समितिको प्रतिवेदनहरू अध्ययन गरी संगठनको कृयाकलापमा सुधार ल्याउन आवश्यक पहल गर्ने ।

(ञ) संघीय सचिवालय सञ्चालन प्रक्रियामा सुशासन कायम गर्न आवश्यक सूचकहरू निर्माण गरी आवश्यक रुपमा निरीक्षण र परीक्षण गराउने व्यवस्था मिलाउने ।

(ट) आन्तरिक तथा बाह्य स्रोत र सक्षम मानवीय स्रोत परिचालन गरी स्थानीय, जिल्ला र प्रदेश महासंघ र सदस्य-समूहलाई आवश्यक सेवा उपलब्ध गराउन नियमित रुपमा विभिन्न प्रक्रियाहरू सञ्चालन गर्ने ।

(ठ) महासंघको विधानमा उल्लेखित लक्ष्य र उद्देश्यहरू प्राप्ति र नियमावलीहरूमा उल्लेखित व्यवस्थाहरूको कार्यान्वयनको लागि आवश्यक पर्ने अन्य सम्पूर्ण कार्यहरू गर्ने गराउने ।

(ड) कुनै पनि तहको महासघ ६ महिनाभन्दा बढी अवधी निष्कृय रहेमा त्यस्तो महासंघ विघटन गरी तदर्थ समिति गठन गरी अधिवेशन गर्न निर्देशिन दिने ।





४५. **संघीय कार्यसमितिको बैठक** : संघीय महासंघ कार्यसमितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) कार्यसमितिको बैठक बर्षमा कम्तीमा ३ पटकसम्म बस्ने छ र एउटा बैठक र अर्को बैठकको बीचको अवधी ६ महिना भन्दा बढी हुने छैन ।

(ख) राष्ट्रिय कार्यसमितिको बैठकको गणपुरक संख्या बहालवाला पदाधिकारी र सदस्यहरूको कूल संख्याको ५१ प्रतिशत हुनेछ ।

(ग) पहिलो पटक गणपुरक संख्या नपुग भै दोश्रो पटक बैठक बोलाइएको भए ४० प्रतिशत उपस्थिति आवश्यक हुनेछ र दोश्रो पटक पनि गणपुरक संख्या अपूग भै तेश्रो पटक बैठक बोलाइएको भए जति जना उपस्थित भएपनि सोही संख्यालाई नै गणपुरक संख्या मानिने छ ।

(घ) संघीय कार्यसमितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि संघीय कार्यसमितिले तय गर्नेछ ।

४६. **स्थायी समितिको काम, कर्तव्य र अधिकार** : स्थायी समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् :

(क) महासंघको लक्ष र उद्देश्य बमोजिम आवधिक तथा बार्षिक कार्यक्रमहरू तर्जुमा गरी कार्यसमितिबाट पारित गराई कार्यान्वयन गर्ने र त्यसको प्रगति प्रतिवेदन तयार गरी कार्यसमिति समक्ष पेश गर्ने ।

(ख) कार्यसमितिले गरेका निर्णयहरूको कार्यान्वयन गर्ने गराउने ।

(ग) कर्मचारी प्रशासन नियमावलीको अधिनमा रही कर्मचारी नियुक्त गर्ने, काममा लगाउने, निर्देशन दिने, नियन्त्रण गर्ने, सेवाबाट हटाउने तथा पूनरवहाली गर्ने ।

(घ) आर्थिक प्रशासन नियमावलीको अधिनमा रही आर्थिक कारोवार र खर्चको पुनरावलोकन गर्ने तथा कार्यसमितिबाट अनुमोदन गराउने गरी बढीमा २० प्रतिशतसम्म रकमान्तर गर्ने ।

(ङ) स्वीकृत बजेट अन्तर्गत रही बार्षिक कार्यक्रम अनुरुपका क्रियाकलापहरू सञ्चालन गर्ने, सम्पन्न भैसकेका कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन गरी आवश्यकतानुसार सुधार गर्ने ।

(च) बार्षिक कार्यक्रम र बजेट बनाई स्वीकृतिको लागि कार्यसमितिमा पेश गर्ने ।

(छ) बैंक खाता र कोषहरू खोली सञ्चालन गर्ने गराउने ।

(ज) आवश्यकतानुसार विभिन्न निकाय, संघ संस्था, नागरिक समाज, परियोजना आदिसँग सम्बन्ध, समन्वय, सहकार्य र सम्पर्क गर्ने गराउने ।

(झ) आवश्यकतानुसार विषयगत समितिहरूको गठन, कार्य विभाजन र परिचालनका लागि राष्ट्रिय कार्यसमिति समक्ष सिफारिस गर्ने ।

४७. **स्थायी समितिको बैठक** : स्थायी समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

(क) स्थायी समितिको बैठक प्रत्येक महिना कम्तीमा एक पटक वस्नु पर्नेछ र आवश्यकतानुसारका अन्य समयमा पनि बैठकहरू पनि वस्न सक्नेछ र यस्तो बैठक वस्ने मिति र समय स्थायी समिति आफैले निर्धारण गर्नेछ ।

(ख) स्थायी समितिको बैठक सम्बन्धी कार्यविधि स्थायी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४८. **सल्लाहकार समितिको व्यवस्था** : (१) स्थानीय, प्रदेश र संघीय महासंघले निवर्तमान र पूर्वअध्यक्षहरू पदेन सदस्य रहने गरी सम्बन्धित तहमा सल्लाहाकार समितिको गठन गर्नुपर्नेछ र सल्लाहकारले आफूहरूमध्येबाट संयोजक तोक्न सक्नेछन् ।

(२) सबै तहका महासंघहरूले आफनो आवश्यकता अनुसारको सेवा तथा सहयोग लिनका लागि नीति तथा कानून, आर्थिक, वन





प्राविधिक, वन उद्यम वा अन्य आवश्यक विषयका विशेषज्ञहरू मध्येबाट विशेष सल्लाहकारहरू नियुक्त गर्न सक्नेछन् ।

४९. **विशेष समिति सम्बन्धी व्यवस्था** : (१) महासंघका विभिन्न सांगठनिक संरचनाहरूको गठन, सांगठनिक सुदृढीकरण र सुशासन एवम् योजनाहरूको प्रभावकारी कार्यान्वयन गर्न राष्ट्रिय महाधिवेशनले देहाय बमोजिमका समितिहरू गठन गर्नेछ :

(क) लेखा तथा अनुगमन समिति

(ख) न्यायिक समिति

(ग) निर्वाचन समिति

(२) संघीय महाधिवेशनबाट लेखा तथा अनुगमन समिति र न्यायिक समितिको लागि अलग-अलग रुपमा देहायका व्यक्तिहरूमध्येबाट संयोजक सहित अन्य कम्तीमा २ महिला र २ पुरुष हुने गरी ५ जना छनोट हुनेछन् जसमध्ये ३ जना अनिवार्य रुपमा पूर्व संघीय कार्यसमितिमा एक पदावधी कार्य गरेको हुनु पर्नेछ :

(क) संयोजकको हकमा राष्ट्रिय महासंघको कार्यसमितिमा रही कम्तीमा एक कार्यकाल पूरा अवधी काम गरेको,

(ख) सम्वन्धित विषयमा ज्ञान, सीप र जानकारी हासिल गरी क्षमता विकास गरेको,

(ग) महाधिवेशन प्रतिनिधिको रुपमा रहेको,

(३) यस विधानमा अन्यत्र व्यवस्था भएको र विभिन्न नियमावलीहरूमा तोकिएको कार्यका अतिरिक्त यी समितिहरूको काम, कर्तव्य र अधिकार यसै नियमावली बमोजिम हुनेछ :

(४) विषेश समितिहरूले आफ्नो कार्य अवधीभरमा सम्पन्न गरेका क्रियाकलापहरूको प्रतिवेदन तयार गरी संघीय महाधिवेशन र परिषद्मा प्रस्तुत गर्नका लागि संघीय महासंघको सचिवालयले उपयुक्त स्रोत साधन उपलब्ध गराउने छ ।

५०. **न्यायिक समिति** : महासंघको अनुशासन नियमावली र आवश्यकता अनुसार अन्य नियमावली बमोजिमको कार्यविधि अपनाई न्यायिक समितिले निम्न कार्यहरू गर्नेछ :

(क) महासंघको सबै तहका सांगठनिक संरचनाभित्र रहेका आन्तरिक विवादहरूको व्यवस्थापन गर्ने ।

(ख) अनुशासन सम्वन्धी नियमावली लागू गर्ने ।

(ग) विधान, नियमावलीहरू र महाधिवेशन तथा अधिवेशन एवम् परिषद् साथै बैठकहरूले तोकिदिएका जिम्मेवारी वहन नगर्ने जुनसुकै तहका कार्यसमितिका पदाधिकारी र सदस्यलाई सो कार्य वहन गर्न लगाउने र आफ्नो जिम्मेवारी वहन नगर्नेलाई प निर्धारित क्रिया अपनाई निश्काशन गर्न सम्वन्धित कार्यसमिति र सदस्य-समूहलाई सिफारिस र निर्देशन गर्ने ।

(घ) निर्देशन पालना नगर्ने पदाधिकारी, सदस्य, कार्यसमिति वा सदस्य-समूहलाई विधान र नियमावलीहरू अनुसार आवश्यक कारबाहीको लागि महाधिवेशन तथा अधिवेशन समक्ष सिफारिस गर्ने ।

(ङ) आफ्ना निर्णयहरू पुनरावलोकन गर्नुपर्ने अवस्था देखिएमा सो कार्य गर्ने ।

(च) आफ्नो कार्य प्रभावकारी रुपमा सम्पन्न गर्नको लागि आवश्यक्ता अनुसार विषय-विज्ञहरूको सहयोग लिई कार्य गर्ने ।

(छ) कुनै पदाधिकारी वा सदस्यलाई कारबाही गर्नुपर्ने भएमा सोको कारण र निष्कर्षहरू सम्वन्धित सदस्य-समूह देखि तहगत सवै कार्यसमितिमा जानकारी दिनुपर्ने ।

५१. **लेखा तथा अनुगमन समिति** : महासंघको विधान र नियमावली एवम् दूरदृष्टि र योजनाहरूलाई मध्यनजर राखी यो समितिले देहाय बमोजिमका कार्यहरू गर्नेछ :

(क) संघीय महासंघबाट सञ्चालित कार्यक्रमहरू न्यूनतम् खर्च-अधिकतम् उपलब्धिको मान्यता अनुरुप सञ्चालन भएका छन् वा छैनन् भन्ने वारेमा एकिन गर्न कम्तिमा ६/६ महीनामा कार्यमूलक रुपमा आन्तरिक लेखा परिक्षण गर्ने गराउने ।





(ख) आर्थिक नियमावलीलाई प्रभावकारी रुपमा लागू गराई तत्काल वेरुजु फर्छ्योट गर्न लगाउने ।

(ग) महासंघद्वारा सञ्चालित परियोजनाहरूको अनुगमन र मुल्यांकन गरी परियोजना सञ्चालन सम्वन्धी जिम्मेवार व्यक्ति र स्थायी समितिलाई आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण उपलब्ध गराउने,

(घ) आवश्यक्ता अनुसार स्थायी समितिबाट विभिन्न पदहरू सृजना गराई विषय-विज्ञहरूको सेवा लिई कार्य गर्ने ।

५२.**निर्वाचन समिति** : (१) संघीय महाधिवेशनबाट कार्यसमितिको गठनको लागि संघीय महासंघको संस्थापक-सदस्य समूहका उपभोक्ताहरू, महासंघका पूर्वपदाधिकारी र अन्य अनुभवी व्यक्ति मध्येबाट छनोट गरी स्थायी समितिको सिफारिसमा विद्यमान कार्यसमितिले देहायका व्यक्तिहरू मध्येबाट राष्ट्रियस्तरमा कम्तीमा २ जना महिला पर्नेगरी एकजना संयोजक र एकजना सचिव सहित ३-५ जनासम्मको एक निर्वाचन समिति गठन गर्नेछ :

(क) महासंघको विधान र नियमावलीहरूको वारेमा प्रयाप्त जानकारी भएको,

(ख) संघीय तथा स्थानीयस्तरमा हुने विभिन्न किसिमका निर्वाचन प्रणालीहरूको बारेमा ज्ञान हासिल गरेको,

(ग) महासंघको पदाधिकारी र सदस्य हुनको लागि निर्वाचनमा भाग नलिएको वा नलिने महाधिवेशन प्रतिनिधि वा वन उपभोक्ताको रुपमा रहेको ।

(२) संघीयस्तरमा गरिने निर्वाचन समितिको गठन सम्बन्धी निर्णयलाई संघीय महाधिवेशनमा अनुमोदन गराउनु पर्नेछ ।

(३) प्रदेश महासंघ र स्थानीय महासंघहरूले विधानको दफा २९ र अन्य सम्बन्धित व्यवस्थाहरूको अधिनमा रही आ-आफ्नो अधिवेशन प्रयोजनको लागि पूर्वपदाधिकारी वा निर्वाचनसम्बन्धी अनुभवी व्यक्तिहरू समावेश गरी निर्वाचन समिति गठन गर्नेछन् र अधिवेशन र परिषद्बाट निर्वाचन समितिको गठन सम्बन्धी निर्णय अनुमोदन

गराउनु पर्नेछ। यी निर्वाचन समितिका कुल सदस्यमध्ये कम्तिमा ४० प्रतिशत महिला हुनुपर्नेछ।

(४) आफ्नो कार्यअवधि समाप्त हुनु भन्दा पहिला नै संघीय महासंघको लागि कम्तीमा ३ महिना अगावै, प्रदेश महासंघको लागि १ महिना अगावै र स्थानीय महासंघको लागि १५ दिन अगावै निर्वाचन समिति गठन गर्नुपर्नेछ।

(५) सम्बन्धित महासंघका तहगत संरचनाका लागि सम्बन्धित समितिले निर्वाचन समिति गठन गरी सो समिति मार्फत महासंघको विधान र सांगठनिक नियमावलीसँग नबाझिने गरी निर्वाचन नियमावली तर्जुमा गरी लागू गर्नु पर्नेछ।

(६) सबै प्रदेश महासंघ र स्थानीय महासंघहरूमा सम्पन्न भएपछि निर्वाचन सम्बन्धी प्रमाणित विवरणहरू निर्वाचन सम्पन्न भएको मितिले १५ दिनभित्र सम्बन्धित महासंघले संघीय महासंघको सचिवालयमा पठाउनु पर्नेछ।

(७) राष्ट्रियस्तरमा गठित निर्वाचन समिति र संघीय महासंघले आवश्यक्ता अनुसार प्रदेश महासंघ वा स्थानीय महासंघको निर्वाचन प्रक्रिया अनुगमन वा निरीक्षण गर्न सक्नेछ।

(८) प्रदेश महासंघ र स्थानीय महासंघहरूको निर्वाचन सम्बन्धी उजुरी निर्वाचन सम्पन्न भएको १५ दिन भित्र गर्नुपर्नेछ प्रदेश महासंघ र स्थानीय महासंघका लागि सम्पन्न भएका निर्वाचन परिणाम सम्वन्धी उजुरीको सम्बन्धमा छानविन गरी निर्णय गर्ने अधिकार राष्ट्रियस्तरमा गठित न्यायिक समितिलाई हुनेछ। तर, निर्वाचन प्रक्रियाकै क्रममा उजुरी पर्न आएमा सो उजुरी माथि निर्णय गर्ने अधिकार सम्बन्धित निर्वाचन समितिलाई हुनेछ।

(९) निर्वाचन समितिले छनोट भएका पदाधिकारीहरूलाई प्रमाण पत्र वितरण गर्ने र यसरी निर्वाचन सम्पन्न भएको प्रतिवेदन बुझाएपछि निर्वाचन समिति स्वतः विघटन भएको मानिने छ।

(१०) कुनै पनि तहको निर्वाचन समितिमा भाग लिएका व्यक्तिले सदस्य पदाधिकारीमा उम्मेदवार हुन र मतदान गर्न पाउने छैन।





## परिच्छेद - ८

## (पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार)

५३. **पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार** : (१) महासंघका सबै सांगठनिक तहका पदाधिकारी तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

**(क) अध्यक्ष**

(अ) बैठकको अध्यक्षता गर्ने।

(आ) स्थायी वा कार्यसमितिमा प्रस्तावहरू निर्णयार्थ पेश गर्ने।

(इ) अन्य सदस्य तथा पदाधिकारीहरूको जिम्मामा रहेको कामहरूको अनुगमन तथा मूल्यांकन गर्ने।

(ई) माथिल्लो तहका तथा तल्लो तहका महासंघहरूसंग निकटतम् सम्बन्ध र सम्पर्क नियमितरुपमा राखी रहने।

(उ) विभिन्न सरकारी एवम् गैरसरकारी संस्थाहरूसंग सम्पर्क र समन्वय कायम गर्ने।

(ऊ) आफू मातहतका सदस्य समूहहरूको आमभेला, विभिन्न तहका महासंघको अधिवेशन तथा परिषद्मा उपस्थित भै महासंघको गतिविधिबारे जानकारी प्रवाह गर्ने।

(ए) आफ्नो समूहको बैठकमा सकेसम्म नियमित उपस्थित रही सदस्य पदाधिकारीहरूलाई महासंघबारे जानकारी दिने।

(ऐ) तत्काल निर्णय गर्नु पर्ने बिषयमा स्थायी समितिको बैठक राख्ने समय समेत नभए आफैले निर्णय गरी कार्यान्वयन गर्ने गराउने र बैठकबाट अनुमोदन गराउने।

(ओ) कुनै बिषयमा मताधिकार प्रयोग गर्न पर्ने भएमा निर्णयात्मक मत मात्र दिन पाउने।

**(ख) उपाध्यक्ष**

(अ) अध्यक्षको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्ने एवम् अध्यक्षले वहन गर्नु पर्ने सम्पूर्ण जिम्मेवारी वहन गर्ने।

(आ) नियमित रुपमा कार्यालय व्यवस्थापन गर्ने र दैनिक कार्य सञ्चालनमा कार्यालय सचिव वा कार्यक्रम संयोजकलाई सहयोग पुऱ्याउने ।

**(ग) महासचिव**

(अ) स्थायी वा कार्यसमितिको बैठकको सूचना प्रवाह गर्ने ।

(आ) बैठकको माइन्यूट सचिवको सहयोगबाट तत्काल तैयार पार्ने । माइन्यूट लेख्दा सदस्य पदाधिकारीले व्यक्त गरेका बैकल्पिक विचारहरू समेत अभिलेख गर्ने र के निष्कर्शमा पुगियो र कसरी पुगियो भन्नेबारे स्पष्ट अभिलेख राख्ने ।

(इ) तहमाविभिन्न महासंघसंग गर्ने पत्राचारको बिषय पारदर्शी भएको प्रष्ट्याउने ।

(ई) अध्यक्षले समन्वय गरी पत्राचार गर्नु पर्ने भएको बिषयमा सोही कुरा उल्लेख गरी पत्राचार गर्ने गर्ने ।

(उ) बैठकका निर्णयहरू आवश्यकतानुसार आफ्ना सदस्य समूहहरू विभिन्न तहका महासंघहरू वा सम्बन्धित संस्था वा व्यक्तिलाई समयमै पठाई सक्नु पर्ने ।

(ऊ) कार्यलय सचिव नभएको अवस्थामा कार्यालयको सम्पूर्ण जिम्मेवारी उपाध्यक्ष सचिवको सहयोगमा आफूले वहन गर्ने ।

(ए) महासंघको सांगठनिक तथा प्रगति प्रतिवेदनहरू आवधिक रुपमा तयार गरी बैठक/परिषद्/अधिवेशनमा पेश गर्ने ।

**(घ) सचिव**

महासचिवको सहयोगीको भूमिका निर्वाह गर्दै महासचिवको अनुपस्थितिमा महासचिवले वहन गर्नु पर्ने सम्पूर्ण जिम्मेवारी वहन गर्ने तथा प्रवक्ताको भूमिका निर्वाह गर्ने ।

**(ङ) कोषाध्यक्ष**

(अ) कोषसम्बन्धी सम्पूर्ण जिम्मेवारी वहन गर्ने





(आ) आय व्यय खाता र चेक बुक तथा पासबुकहरू आफ्नो जिम्मामा राख्ने ।

(इ) बजेटको परिधि र बैठकको निर्णय भित्र रही खर्चको व्यवस्था मिलाउने ।

(ई) लेखाको दोहोरो प्रणाली अन्तरगत लेखा अभिलेख राख्ने वा राख्न लगाउने ।

(उ) आन्तरिक तथा वाह्य लेखा परीक्षण गराउने प्रमूख उत्तरदायित्व वहन गर्ने ।

(ऊ) सदस्यता शुल्कहरू तोकिएको अवधि भित्रै सम्बन्धित महासंघमा पठाउनु पर्ने ।

(ए) बार्षिक बजेट तयार पारी समितिबाट पारित गर्ने ।

(ऐ) आय व्यय तथा खर्चको अभिलेख तथा नगदी एवम् जिन्सी अध्यावधिक गर्ने ।

(ओ) आर्थिक प्रतिवेदन तयार पारी कार्यसमिति तथा अधिवेशनमा पेश गर्ने ।

**(च) सदस्यहरू**

(अ) बैठक र छलफलहरूमा भाग लिने, प्रस्तावहरू पेश गर्ने र निर्णयहरूमा सहभागी हुने ।

(आ) निर्णयहरू आफ्नो समूह तथा महासंघका अन्य सांगठनिक तहमा लगि जानकारी गर्ने गराउने र लागू गर्ने ।

(इ) निर्णय अनुसार अन्य तोकिएका कामहरू गर्ने ।

(ई) आफ्ना गतिविधिहरूको अनुगमन गर्ने र माथिल्लो तहको महासंघमा प्रतिवेदन पेश गर्ने ।

(२) सबै तहका महासंघका पदाधिकारी तथा सदस्यहरूले अनुशासन लगायत अन्य सबै नियमावलीद्वारा तोकिएको दायित्व र आचरणको पालना गर्नुपर्नेछ ।

(३) सबै तहका महासंघका पदाधिकारी तथा सदस्यहरूले कुनै पनि निकाय, संघ संस्था र विभिन्न पक्षहरूले आयोजना गरेको कार्यक्रममा भाग लिन जाँदा र प्राप्त अवसरहरूमा सहभागी हुँदा सम्बन्धित समितिको निर्णयका आधारमा मात्र भाग लिनु पर्नेछ ।

(४) सबै तहका महासंघका पदाधिकारी र सदस्यहरू एकले अर्काको काममा आवश्यक सहयोग गर्नुपर्नेछ र अरुको काममा बाधा अड्चन गर्ने, हस्तक्षेप गर्ने, दखल दिने र भ्रम सिर्जना गर्ने कार्यलाई रोक्नु पर्नेछ ।

(५) कुनै कारणवश आफ्नो जिम्मेवारी पूरा गर्न नसक्ने पदाधिकारी तथा सदस्यले समयमा नै सम्बन्धित सदस्य-पदाधिकारीमा सो को जानकारी गराउनु पर्नेछ ।





## परिच्छेद-९

## (आर्थिक व्यवस्था)

५४. **आर्थिक श्रोत** : महासंघको एउटा छुट्टै कोष हुनेछ जसमा देहाय बमोजिमका रकमहरू समावेश हुनेछ :

(क) सदस्यता शुल्क, प्रवेश शुल्क, नविकरण शुल्क इत्यादि शुल्कबाट प्राप्त रकम ।

(ख) अनुदान सहायता वा यस्तै अन्य रकम ।

(ग) नेपाल सरकारको पूर्व स्वीकृत लिएर प्राप्त हुने रकम ।

(घ) सदस्य एवम् कर्मचारीहरूबाट प्राप्त सांगठनिक शुल्क र परामर्श सेवा शुल्क वापत प्राप्त रकम ।

(ङ) उपभोक्ता समूहलाई विभिन्न विषयमा सेवा प्रदान गरे वापत प्राप्त हुने रकम ।

(च) प्रकाशनहरूको बिक्री वितरणबाट प्राप्त रकम ।

(छ) अन्य कुनै पनि श्रोत वा किसिमबाट महासंघलाई प्राप्त हुन आएको रकम ।

५५. **चल, अचल सम्पत्ति** : (१) महासंघले आफ्नो नाममा चल अचल सम्पत्ति प्राप्त गर्न, राख्न, आफ्नो नामको सम्पत्ति भोग गर्न तथा आवश्यकतानुसार आफ्नो हक, स्वामित्व कुनै किसिमले हस्तान्तरण गर्न सक्ने छ र यसो गर्दा ५ लाख भन्दा बढीको चल अचल सम्पत्तिको बेच विखन गर्दा संघीय महाधिवेशन वा राष्ट्रिय परिषद्को स्वीकृत लिनु पर्नेछ । त्यस्तै प्रदेश, जिल्ला एवम् स्थानीय महासंघले १ लाख भन्दा बढीको चल अचल सम्पत्ति वेचविखन गर्दा आफ्नो अधिवेशनको पूर्व स्वीकृति लिनु पर्नेछ ।

(२) प्रत्येक आर्थिक बर्षको आय-व्यय तथा चल-अचल सम्पत्तिको विवरण लेखाको मान्य पद्धति अनुसार रीतपूर्वक राख्ने वा राख्न लगाउने प्रमूख जिम्मेवारी कोषाध्यक्षको हुनेछ ।

(३) कुनै कारणवश प्रदेश, जिल्ला एवम् स्थानीय महासंघ निस्कृय भई विघटन भएमा वा उक्त महासंघको अस्तित्व नरहेमा सो महासंघको चल अचल सम्पूर्ण सम्पत्ति संघीय महासंघको अधिनमा हुनेछ र यस्ता सम्पत्ति संघीय महासंघले सम्बन्धित क्षेत्रमा पुनः महासंघ स्थापना गरी हस्तान्तरण गर्नेछ ।

(४) उपनियम ३ को वर्खिलाप गरी सम्पत्ति हिनामिना वा दुरुपयोग वा जवर्जस्ती अन्य संस्थामा हस्तान्तरण भएमा तत्कालिन पदाधिकारीहरू जिम्मेवार हुनेछन् र, संघीय महासंघले त्यस्ता पदाधिकारीहरूे विरुद्ध प्रचलित कानूनको आधारमा भ्रष्टाचार एवम् अख्तियार दुरुपयोगको अभियोग लगाई सम्पत्ती भराउने व्यवस्था मिलाउनेछ ।

५६. **कोष** : (१) महासंघले आफ्नो लक्ष्य तथा उद्वेश्य परिपूर्ती गर्नको लागि अक्षय कोष लगायत विभिन्न विषयका कोषहरूको स्थापना र सञ्चालन गर्न सक्नेछन् ।

(२) महासंघको कोषको रकम आफ्नो उद्देश्य पूर्ती हुने कुनै कार्यमा मात्र प्रयोग हुनेछ र यस्ता कोष वा सम्पत्तिबाट यसका पदाधिकारी, सदस्य र कर्मचारीलाई लाभांश वा हिस्साको रुपमा वितरण गर्न सकिने छैन ।

(३) कोषको रकम खर्च गर्दा देहायका क्षेत्रहरूमा खर्च गर्नका लागि प्राथमिकता दिनु पर्नेछ :

(क) महासंघका सांगठनिक संरचनाहरूको संस्थागत हित, विकास र सुदृढीकरण,

(ख) गरिबी न्यूनीकरण, सामुदायिक वन अधिकारको वकालत, सामुदायिक वनमा समावेशीकरण, सुशासन, वन उद्यम र वन पैदावारको बजारीकरण

(ग) सदस्यहरूको क्षमता अभिबृद्धि र कर्मचारीहरूको बृत्ति विकास

(घ) सहयोगी तथा साझेदार संस्थाहरूसंग भएको सम्झौतानुसारका क्षेत्रहरू ।





५७. **कोष परिचालन** : (१) कोषहरूलाई नेपालको कुनै बाणिज्य बैंक वा विकास बैंक वा वित्तिय संस्थाहरूमा खाता खोली सञ्चालन गरिने छ । तर कुनै स्थानीय महासंघको क्षेत्रमा त्यस्ता कुनै संस्थाहरू नभएमा कार्यसमितिको निर्णय अनुसारले विश्वास गरेका कुनै पनि स्थानीय व्यक्ति वा पदाधिकारीको जिम्मामा राख्न सकिने छ । यसरी राखिएका रकम मध्ये स्थायी समितिको निर्णयानुसार आवश्यकतानुसार माग गर्न अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै दुईजनाले संयुक्त दस्तखत गरी माग गर्न सक्नेछ ।

(२) बैंक वा वित्तिय संस्थाहरूमा खाता खोली संचालन गर्दा सकेसम्म बचत खाता खोली संचालन गर्नु पर्नेछ । यस्ता खाताहरू अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कुनै दुईको संयुक्त दस्तखतबाट संचालन हुनु पर्नेछ । तर कुनै योजना वा परियोजना संचालनको निम्ति प्राप्त भएको रकम भए त्यस्ता प्रत्येक परियोजनाका रकमहरू छुट्टाछुट्टै खाता खोली अध्यक्ष, कोषाध्यक्ष, लेखापाल र सम्बन्धित परियोजना संयोजक मध्ये कुनै दुई जनाको दस्तखतबाट खाता संचालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) दैनिक साना-तिना भैपरि खर्चहरू गर्नको निम्ति उपाध्यक्षको जिम्मामा “सानो नगदी कोष” राख्नु पर्नेछ । यस कोषमा स्थायी समितिको निर्णयानुसार रु.५००।- देखि २०००।- सम्म राखी सोही समितिले बनाएको विनियम अनुसार संचालन गर्ने गराउने व्यवस्था मिलाउनु पर्नेछ ।

(४) सबै महासंघहरूले संघीय कार्यसमितिले बनाएको आर्थिक नियमावलीको सिकाईका आधारमा आ-आफ्नो महासंघको आवश्यक्ता अनुसार आर्थिक कारोवारबारे सर्वमान्य सिद्धान्त अन्तर्गत आ-आफ्ना छुट्टाछुट्टै आर्थिक विनियम बनाई लागू गर्न पर्नेछ ।

(५) बार्षिक बजेट निर्माण गरी खर्चको सीमा निर्धारण गर्नु पर्नेछ ।

(६) सामुदायिक वन प्रबर्द्धन तथा रोजगारी श्रृजनाका लागि महासंघको चल अचल सम्पत्ती धितो राखी ऋण लिने तथा त्यसको परिचालन गर्न सकिने छ ।

(७) लघुबित्त कार्यक्रम संचालन गर्ने गराउने तथा वनमा आधारित विभिन्न खालका सहकारी तथा कम्पनीहरू खोल्ने वा त्यस्ता सहकारी कम्पनीहरूमा शेयर लगानी गर्ने गराउने व्यवस्था गर्न सकिने छ ।

(८) सामुदायिक वन विकास तथा समूहका उपभोक्ताहरूको हितका लागि विभिन्न खालका बिशेष कोषहरूको स्थापना गर्ने र त्यस्ता कोषहरूको संचालन स्वायत्त रुपमा वा अर्धस्वायत्त रुपमा संचालन गर्ने गराउने व्यवस्था गर्न सकिने छ ।

(९) महासंघको हित हुनेगरी महासंघको परिचालन र व्यवस्थापनको लागि चल अचल सम्पत्ति नेपाल भित्रको कुनैपनि बैंक, बित्तिय संस्थामा धितो राखी ऋण लिई परिचालन गर्न सक्नेछ ।

५८. **आन्तरिक लेखा परीक्षण** : सम्बन्धित तहका कार्यसमितिले कमसेकम बर्षको दुई पटक आन्तरिक लेखा परीक्षण गराई कार्यसमितिमा पेश गर्न लगाउनु पर्नेछ ।

५९. **लेखा परीक्षण** : (१) सबै तहका महासंघबाट आ-आफ्नै जवाफदेहितामा सञ्चालन हुने आर्थिक कारोवार सम्बन्धी लेखा परीक्षण गर्न गराउन निम्नानुसारको व्यवस्था मिलाउनु पर्नेछ :

(क) सम्वन्धित कार्यसमितिले लेखा परीक्षण गराई अधिवेशनमा प्रस्तुत गर्ने जिम्मेवारी बहन गर्नुपर्ने,

(ख) कार्यसमितिले बढीमा ३ वर्षको निम्ति वा हरएक वर्ष बेग्लावेग्लै रजिष्टार्ड लेखा परीक्षक नियूक्ति गर्नुपर्ने,

(ग) सम्बन्धित प्रचलनहरूलाई मध्यनजर राख्दै लेखा परीक्षकको पारिश्रमिक सम्बन्धित कार्यसमिति र लेखा परीक्षकको आपसी समझदारीका आधारमा निर्धारण गर्नुपर्ने,

(२) नियुक्त गरिएको लेखा परीक्षकले आर्थिक वर्ष सकिएको १५ दिन भित्रमा आफ्नो कार्य शुरु नगरेमा सम्बन्धित स्थायी समितिले निजको सट्टा अर्को लेखा-परीक्षक नियूक्ति गर्न सक्नेछ ।

(३) लेखा परिक्षकले आफ्नो प्रतिवेदन सहितको वासलात, आय-व्यय विवरण कार्यसमिति समक्ष पेश गर्नु पर्नेछ ।





(४) लेखा परीक्षकबाट प्राप्त प्रतिवेदन प्रचलित कानूनअनुसार दिनुपर्ने जिम्मेवारी सम्बन्धित महासंघले वहन गर्नु पर्नेछ ।

६०. **व्यक्तिले जरीवाना वेहोर्नु पर्ने** : आफ्ना जिम्मेवारीहरू समयमा वहन नगर्ने सदस्य पदाधिकारीहरूलाई निम्नानुसार कारबाही हुनेछ :

(क) नियम अनुसार पदबाट हटेपछि कार्यानुभव एवम् पद हस्तान्तरण नगर्ने व्यक्तिलाई कालो सूचीमा नाम राखी सम्बन्धित समूह र सरोकारवालाहरूलाई जानकारी गराउनु पर्नेछ ।

(ख) प्रचलित कानून अनुसार दिनुपर्ने कर, शुल्क, प्रतिवेदन आदि समय भित्रै अध्यक्ष, सचिव र कोषाध्यक्षले संयुक्त रुपमा बुझाउने व्यवस्था मिलाउनु पर्नेछ। सो नगरी जरिवाना लागेमा निजहरूले व्यक्तिगत रुपमा सो जरीवाना बुझाउनु पर्नेछ ।

(ग) सदस्य-प्रतिनिधिहरूले उठाएका रकमहरू ७ दिन भित्र आफ्ना कोषाध्यक्षलाई नगद वा बैंक भौचर बुझाउनु पर्नेछ। सो नबुझाई ढिलो बुझाएमा ढिलाईको कारण र अवस्था हेरी स्थायी समितिले कूल बुझाउनु पर्ने रकमको २५**%** देखि ५०**%** सम्म जरीवाना अशुल उपर गर्नुपर्नेछ ।

(घ) तोकिएको समय भित्र आफूले बुझाउनु पर्ने रकम आफू माथिका महासंघलाई बुझाउन हेल्चेक्राई गर्ने पदाधिकारी वा सदस्यलाई रकम प्राप्त गर्नुपर्ने महासंघले कुल रकमको १० देखि ५० प्रतिशतसम्म जरीवाना लगाउन सक्नेछ ।

(ङ) रकम हिनामिना गर्ने तथा बुझाउनु पर्ने जिन्सी एवम् नगदी कारोवार बुझाउन अटेर गर्ने व्यक्तिलाई महासंघको जुनसुकै तहबाट प्रचलित कानून अनुसार अशुल उपर गराउन कार्यवाही चलाउन सक्नेछ ।

६१. **बैठकमा प्रतिवेदन पेश हुनु पर्ने** : कार्यसमितिको हरेक बैठकमा अघिल्लो अबधिको आय व्यय र त्यस अबधिको आय-व्ययलाई तुलनात्मक रुपमा कोषाध्यक्षलाई पेश गर्न लगाई कैफियत जनाउनु पर्नेछ ।

# परिच्छेद-१०

## (विविध)

६२. **कार्यसमितिका सदस्यहरूलाई आमन्त्रण गर्नुपर्ने** : (१) प्रदेश, जिल्ला महासंघले आफ्नो कार्यसमितिको महत्वपूर्ण बैठक, अधिवेशन र परिषद्मा आफ्नो प्रदेश तथा जिल्लाबाट संघीय कार्यसमितिमा प्रतिनिधित्व गर्ने सदस्यलाई अनिवार्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

(२) स्थानीय महासंघले पनि आफ्नो क्षेत्रबाट प्रदेश तथा जिल्ला महासंघमा प्रतिनिधित्व गर्ने सदस्यलाई समयमा नै सूचना दिई आमन्त्रण गर्नु पर्नेछ ।

(३) सदस्य समूहले महासंघको कुनै पनि तहमा रहेको सदस्यलाई आफ्नो समूहको आमभेलामा अनिवार्य उपस्थितिको लागि अनुरोध गर्न सक्नेछ ।

६३. **कार्यक्रम सञ्चालन र जानकारी** : प्रदेश, जिल्ला र स्थानीय महासंघले आफ्नो आवश्यकतानुसार राष्ट्रिय तथा अन्तराष्ट्रिय सरकारी, गैर सरकारी संघ संस्थाहरूसंग आवश्यक कार्यको लागि सम्पर्क एवम् समन्वय गर्न सक्नेछ र यसरी समन्वय गरी सञ्चालन गरिएको कामको जानकारी संघीय महासंघको राष्ट्रिय सचिवालयलाई उपलब्ध गराउनु पर्नेछ ।

६४. **सूचना आदान-प्रदान** : (१) प्रभावकारी सूचना आदान प्रदानको लागि सबै महासंघ र समूहहरूले प्रयास गर्नु पर्नेछ ।

(२) विधान र यस नियमावलीमा अन्यथा व्यवस्था गरिए बाहेक सबै तहका महासंघले एक आपसमा पठाउने सूचना एवम् पत्रहरू कम्तीमा ७ दिन अगाडि नै पुग्नेगरी पठाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सबै तहका महासंघहरूले आफूले सञ्चालन गर्ने गराउने कार्यक्रमहरू र प्रदान गर्ने सेवाहरू बारे एक तहले अर्को तहलाई समयमा नै सूचना र जानकारीहरू प्रवाह गर्नु पर्नेछ ।





६५. **सम्झौताहरूको सम्प्रेषण** : महासंघहरूले कुनै कार्यक्रम संचालन गर्नका लागि सरकार, दातृसंस्था वा परियोजनाहरूसंग गरेका सम्झौताहरूको बारेमा माथिल्लो निकायले सम्बन्धित तल्ला निकायहरूलाई र तल्ला निकायहरूले माथिल्लो सम्बन्धित निकायमा जानकारी गराउने छन् ।

६६. **अवसरहरूको बाँडफाँड** : माथिल्ला तहका महासंघहरूमा प्राप्त भएका क्षमता अभिवृद्धि सम्बन्धी अवसरहरू (जस्तैः तालिम, स्वदेश तथा विदेश भ्रमण, गोष्ठी, सम्मेलन, सेमिनार आदी) लाई बिषयवस्तु अनुसार तल्ला तहका महासंघहरूसम्म बाँडफाँड गर्न व्यवस्था मिलाउनु पर्नेछ ।

६७. **कर्मचारी नियुक्तिमा प्राथमिकता** : (१) सबै महासंघहरूले आफ्ना लागि कर्मचारी नियुक्त गर्दा महासंघमा आबद्ध सामुदायिक वन उपभोक्ता समूहको सदस्य भै काम गरेको अनुभवी व्यक्तिलाई प्राथमिकता दिनुपर्ने र यस सम्बन्धी कार्यविधिको निर्धारण सम्बन्धित कार्यसमितिले निर्धारण गर्न सक्नेछ ।

(२) महासंघको कुनै संरचनाले र्सावजनिक सूचना आव्हान गरी पदपूर्ति गर्दा पदाधिकारी वा सदस्यले सो पदमा कर्मचारी नियूक्ति भएमा पदीय जिम्मेवारी छाडनु पर्नेछ ।

६८. **वैयक्तिक विवरण** : सबै महासंघहरूले आ-आफ्ना पदाधिकारी र सदस्यहरूको देहाय बमोजिमको वैयक्तिक विवरण तयार गरी अभिलेख राख्नु पर्नेछ र यस्तो विवरण सम्बन्धित व्यक्ति आफैले तयार गरी आफू कार्यरत रहेको महासंघमा बुझाउनु पर्नेछ :

(क) सामुदायिक वनमा काम गरेको अनुभव,

(ख) अन्य संघ संस्थामा पनि संलग्न रहेको भए सो को पदीय विवरण,

(ग) कुनै पुरस्कारहरूबाट सम्मानित भएको भए सो को विवरण

(घ) प्राप्त गरेका तालिमहरूको सामान्य विवरण र शैक्षिक योग्यता

(ङ) आफू र आफ्नो परिवारको जीविकोपार्जनका लागि आय आर्जनका श्रोतहरू ।

६९. **बार्षिक प्रतिवेदन** : हरेक स्थानीय महासंघले आफ्नो कृयाकलापहरू, कार्य प्रगतिहरू र आर्थिक गतिविधिको बार्षिक प्रगति प्रतिवेदन तयार पारी आ-आफ्ना सदस्य-समूह र प्रदेश महासंघलाई पठाउनु पर्नेछ। यस्तै यस्तो प्रगती प्रतिवेदन प्रदेश महासंघहरूले स्थानीय महासंघमा पठाउनु पर्नेछ भने संघीय महासंघले प्रदेश महासंघमा पठाउनु पर्नेछ।

७०. **सार्वजनिक सूचना** : (१) सबै महासंघले आ-आफ्नो कार्यालयमा सर्वसाधारण सबैले देख्न सक्ने ठाउँमा सूचना पाटी राखी सूचना तथा जानकारीहरूलाई सार्वजनिक गरिरहने व्यवस्था मिलाउनु पर्नेछ।

(२)आ-आफ्नो कार्यालयमा सबैले देख्न सक्ने गरी कुन पदाधिकारी एवम् सदस्य र कर्मचारी कहाँ गएको छ भन्ने बारेमा जानकारी हुने विवरण लेखेको हुनुपर्नेछ र त्यस्तो विवरण सम्बन्धित पदाधिकारी, सदस्य र कर्मचारी आफैले लेखेर जानु पर्नेछ।

७१. **अभिलेख पुस्तिकाहरू राख्न पर्ने** - हरेक महासंघहरूले न्यूनतम पनि अनुसूची २ मा उल्लेख गरिएका खातापाताहरू राखी सम्बन्धित सदस्य-समूह र महासंघ प्रतिनिधिहरूले चाहेको बेला निरीक्षण गर्न दिनु पर्नेछ।

७२. **निर्देशन पालना सम्बन्धी व्यवस्था** : महासंघ संघीय कार्यसमितिले समय समयमा जारी गरेका नीति, नियमावली, निर्देशन तथा मार्गदर्शन पालना गर्नु मातहतका सबै समितिको अनिवार्य कर्तव्य हुनेछ।

७३. **विशेषाधिकार, व्याख्या र निश्कृयता** : (१) यस नियमावलीमा जे सुकै लेखिएको भएता पनि त्यस्तो कुरा प्रचलित कानून तथा महासंघको विधानसंग बाझिएमा बाझिएको हदसम्म स्वतः निश्कृय हुनेछ।

(२) यस नियमावलीमा भएका नियमहरूको संशोधन गर्ने, स्पष्ट पार्ने तथा व्याख्या गर्ने सम्पूर्ण अधिकार राष्ट्रिय कार्यसमितिमा रहनेछ।

७४. **विनियम बनाउने** : संघीय महासंघको स्थायी समितिले कार्यसमितिको सहमतीमा आफ्नो कार्य व्यवस्थित गर्न यस विधान र नियमावलीको प्रतिकूल नहुने गरी विनियमहरू बनाई लागु गर्न सक्नेछ। त्यस्तै प्रदेश महासंघ, जिल्ला महासंघ र स्थानीय महासंघका कार्यसमितिहरूले आफ्नो महासंघलाई व्यवस्थित रुपमा संचालन गर्न यस विधान र नियमावलीको





अधिनमा रही विनियम बनाई लागू गर्न सकनेछन्। तर यस्ता विनियमहरू जानकारीको निम्ति संघीय महासंघको संघीय सचिवालयमा पेश गर्नु पर्नेछ। यस्ता विनियमहरूमा उल्लिखित कुनै कुराहरू प्रचलित कानून र विधान विपरित भएको पाइएमा लागू नगर्न वा निष्कृय पार्न संघीय सचिवालयले निर्देशन दिन सक्नेछ।

७५. **नियम विनियम उपलब्ध गराउनु पर्ने** : हरेक स्थानीय महासंघले आफू मातहतका सदस्य-समूहहरूलाई आफूले बनाएका आर्थिक प्रशासन विनियम लगायत महासंघको विधान र सांगठनिक नियमावलीहरू तथा संघीय महासंघबाट प्रकाशित सूचनामूलक पत्र पत्रिकाहरू उचित मूल्य लिई उपलब्ध गराउनु पर्नेछ। त्यस्तै हरएक प्रदेश महासंघ र जिल्ला महासंघहरूले आफ्नो स्थानीय महासंघहरूलाई समयमा नै त्यस्ता प्रकाशनहरू उपलब्ध गराउनु पर्नेछ।

**अनुसूची-१**

**प्रतिक चिन्ह**

छाप :

(नेपालीमा)

छाप :

(अंग्रेजीमा)

(FECOFUN)

**महासंघको झण्डा**

२:३ (चौडाई : लम्बाई)
को कपडा हरियो
पृष्ठभूमिमा सेतो लोगो





**अनुसूची - २**

**सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल**

**महासंघको निम्ति आवश्यक न्यूनतम खाता-पाताहरू (कागजातहरू)**

१. चिठ्ठी पत्र दर्ता एवम् चलानी पुस्तिका
२. सदस्यता एवम् नवीकरण अभिलेख पुस्तिका
३. आय-व्यय अभिलेख पुस्तिका
४. दैनिक आय-व्यय अभिलेख पुस्तिका (लेखा डे बुक)
५. अधिवेशन सभा सञ्चालन पुस्तिका
६. कार्यसमिति बैठक संचालन पुस्तिका
७. स्थायी समिति बैठक संचालन पुस्तिका
८. आगन्तुक अभिलेख पुस्तिका
९. दैनिक गतिविधि अभिलेख पुस्तिका (गतिविधि डे बुक)
१०. कार्यसमितिका सदस्य-पदाधिकारीको व्यक्तिगत अभिलेख (फायल)
११. सदस्य-समूहहरूको व्यक्तिगत अभिलेख (फायल-स्थानीय महासंघको निम्ति मात्र)
१२. पत्राचार अभिलेख मूल फायल
१३. जिन्सी खाता
१४. स्वयंसेवी अभिलेख पुस्तिका
१५. मानवीय स्रोत अभिलेख पुस्तिका
१६. स्थानीय महासंघ सम्वन्धी अभिलेख पुस्तिका लगायत अन्य विभिन्न अभिलेखहरू

# सामुदायिक वन उपभोक्ता महासंघ, नेपाल

राष्ट्रिय महासंघको सचिवालय
चाँगुनारायण न.पा. २, दुवाकोट, भक्तपुर
नेपाल

पो.व.नं. : ८२१९
फोन नं. ९७७-०१-६६१६४०८, ६६१६४२१
फ्याक्स : ९७७-०१-६६१६४२७
इमेल : **fecofun@wlink.com.np**
**Website: www. fecofun.org. np**